नरेन्द्रराज प्रसाईको जीवनीकृति

# मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श

(समालोचना)

नइ प्रकाशन

नरेन्द्रराज प्रसाईंको जीवनीकृति

# मेरी आमा भागीरथा प्रसाईं

## समीक्षात्मक विमर्श

प्रा.डा.वासुदेव त्रिपाठी

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
आवरण फोटो : भागीरथा प्रसाई
आवरण चित्रकार : इन्द्र खत्री
साजसज्जा : सुमन कार्की
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १४३
मोल : एक सय रुपियाँ
© सुरक्षित, २०७६ साल (2020)
ISBN: 978-9937-509-77-0
A Criticism on Narendra Raj Prasai's Biography of Bhagiratha Prasai
by Prof. Dr. Basu Dev Tripathi

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेला, मौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको नेपाली भाषासाहित्यमा बेग्लै आकाशको स्थापना भइसकेको छ । जुनसुकै कृतिमा पनि गहिरिएर आफ्नो मत प्रकट गर्ने विशिष्ट कोटिका समीक्षकको नाउँ 'प्रा.डा.वासुदेव त्रिपाठी' नै हो । वर्तमान नेपाली समालोचनाको क्षेत्रमा आधिकारिक, गौरवशाली र विश्वसनीय आधार पनि वासुदेव त्रिपाठीलाई मानिन्छ । त्यति मात्र होइन, प्रा.डा.त्रिपाठी नेपाली भाषासाहित्यको समालोचनाको मानक निर्धारकका रूपमा समेत स्थापित सर्जक हुन् । समालोचनाका क्षेत्रका सर्वोच्च भएर पनि कविता, निबन्ध रचनाका साथै भाषाविज्ञतामा समेत त्रिपाठीको त्यतिकै विशिष्ट, गरिमामय र उच्च आसन रहेको छ ।

महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीद्वारा स्रष्टा नरेन्द्रराज प्रसाईको जीवनीकृति 'मेरी आमा भागीरथा प्रसाई' बारे समीक्षा लेखिनु प्रसाईको जीवनीलेखन यात्राको उच्च मूल्याङ्कन भएको ठहर्छ । प्रसाईको साहित्यिक व्यक्तित्वलाई अझ माथि पुऱ्याउन प्रस्तुत कृतिले पनि थप भूमिका खेल्नेछ भन्ने हामीले बलियो आशा गरेका छौँ ।

महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीकृत समालोचनात्मक कृति 'नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श' नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर हो ।

• नइ प्रकाशन

# विषयसूची


लेखकीय • ९

•

१. नरेन्द्रराज प्रसाईको साहित्यवृत्त र जीवनीलेखनको कला • १३

२. नरेन्द्रराज प्रसाईको 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतितर्फ • १७

३. कृतिगत मूल संरचना : सङ्कथन ढाँचा र कथ्यवृत्त • २०

४. कृतिको मूल कथ्य र मर्म : गद्यांशउद्धरणका परिप्रेक्ष्यमा र साक्ष्यमा • २५

५. कृतिगत वस्तुजगत् र पात्रविधानको मूल मर्म • ३७

६. जीवनीकृतिगत तथा समाजशास्त्रीय साहित्यमूल्यको दोहोरो परिसन्दर्भ • ५७

# आफ्ना समीक्षाकृतिका वाग्द्वारमा अभिएर

नरेन्द्रराज प्रसाई ताप्लेजुङका हाङपाङमा चिनाअनुसार वि.सं. २०११ साल चैत २९ गते सोमबार जन्मी झापा हुँदै नेपाली साहित्यतर्फ सृजनरुचिसँगै साहित्यिक पर्यावरणका प्रवर्धनतर्फ समेत चासो राख्दै देशको राजधानी काठमाडौँमा शिक्षार्थीका रूपमा प्रवेश गरी खास गरी प्रथमत: युवा साहित्यिक स्रष्टा र सँगसँगै साहित्यिक संवर्द्धक अभियन्ताका रूपमा उदाई अहिले चौसट्ठीबर्से वयोबिन्दु पार गरी वर्तमान समयबिन्दु (वि.सं.२०७६) सम्मका ती दुवै साहित्यिक सृजनात्मक र प्रवर्धनात्मक एवं संवर्द्धनात्मक क्षेत्रमा सहसक्रिय रही मोतीराम भट्टजस्तो भन्न मिल्ने उक्त दोहोरै भूमिकामा पाका र सुप्रतिष्ठित भइसकेका छन् । विधागत दृष्टिले साहित्यिक बहुमुखी र बहुआयामिक प्रतिभासम्पन्न नरेन्द्रराज प्रसाईको जीवनीलेखन क्षेत्रको वि.सं.२०४१ देखि ग्रन्थाकारमा सार्वजनिक हुन पुगेको साधनायात्राको साढे चार दशकको समयक्रमको अद्यावधिक छब्बिसौँ नयाँ ग्रन्थ 'मेरी आमा भागीरथा प्रसाई' (वि.सं.२०७६) प्रकाशनमा आएको छ । यही जीवनीकृति पढ्दा मेरा पाठकीय मनमा उद्बुद्ध भएको विस्तारित समीक्षात्मक अभिमतका अभिव्यक्तिका रूपमा मेरो यो नयाँ समालोचनाकृति (२०७६) प्रकाशित हुँदै छ– 'नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श' नामबाट । यतिखेर म यही समालोचनाकृतिको लेखकीय अभिव्यक्ति प्रस्तुत गर्दै छु उक्त समालोचनात्मक ग्रन्थका आमुख या वाग्द्वारका रूपमा ।

नरेन्द्रराज प्रसाईको 'मेरी आमा भागीरथा प्रसाई' कृति प्रथमत: एक पठनीय र स्मरणीय जीवनीलेखन हो । उनीद्वारा आफ्नी जीवनदायिनी प्रिय आमा भागीरथा प्रसाई त्रियानब्बे वर्षका उमेरमा २०६८ साल माघ १४ गते श्रीपञ्चमीका दिन बिहान काठमाडौँका आफ्ना नइगृहमा दिवङ्गत भएपछिको मातृशोकको अन्तर्ज्वाला वर्षौंदेखि (लगभग आठ वर्षजति) आफ्ना अन्तस्करणमा पुटपाकका रूपमा भोग्दै ती आमाका सयौँ जन्मवर्ष वा शतवार्षिकीका सन्दर्भमा आत्मसंस्मरणात्मक दृष्टिबिन्दुका सङ्कथनात्मक पद्धतिबाट रचेर चढाइएको अश्रुसिञ्चित शब्दश्रद्धाञ्जलि वा वाङ्मयी पुष्पाञ्जलि पनि हुँदै हो । साथै यो नरेन्द्री जीवनीकृति उनकी जन्मदात्री आमा भागीरथा प्रसाईको त्रियानब्बेबर्से जुधारु र स्नेहालु दुवै प्रकृतिको जीवनगाथाका साथै सकल नेपाली आमा र आइमाईहरूको पनि साधारणीकृत साझा महाजीवनगाथा पनि हो एक उत्कृष्ट जीवनीकृतिका रूपमा ।

साथै यतिखेर यो नवागत नरेन्द्रकृत आत्मसंस्मरणात्मक प्रकृतिको 'मेरी आमा भागीरथा प्रसाई' जीवनीकृति सृजनात्मक साहित्यिक तहमा र यस साहित्यदर्पणमा प्रतिबिम्बित नेपाली नारी र आमाहरूको एक शताब्दीभन्दा बढी अवधिको एक प्रभावशाली अन्तर्बाह्य जैविकीय वृत्तिप्रवृत्तिको र पुस्तौँको सामाजिकीको पनि जीवनीपरक तथ्यालेखको समाख्यानात्मक आरेखन पनि हो । त्यस्तै पाँचपुस्ते नेपाली जीवनक्रमको नारीकेन्द्री तर प्राय: पुरुषदमित पारिवारिक तथा सामाजिक ढाँचाको अन्तर्निरन्तरित समाजशास्त्रीय प्रतिनिधि प्रतिबिम्बकहरूको संवाहक विशिष्ट जीवनीकृतिका रूपमा पनि यो ग्रन्थ आस्वाद्य, अध्ययनीय र मननीय छ भन्ने म ठान्दछु । यस जीवनीकृतिको वरिपरि नेपालको पूर्वी पहाडदेखि र पूर्वी मधेस तथा राजधानी काठमाडौँसम्मको र एक शताब्दीभन्दा बढीको दिक्काल वा स्थान र समयको पारिवारिक र सामाजिक-आर्थिक

तथा धार्मिक-सांस्कृतिक परिवेशगत जीवनप्रवाहको क्रममा विशेष, गौण र सामान्य भूमिकामा पात्रवत् अवतरित हुने गरी उनिएका र बुनिएका अनि सत्याख्यानका क्रमिकतामा आबद्ध पाँच पुस्ताभन्दा बढीका दुई सयजति पात्रउपपात्रको मनोभूमि र व्यवहारतलको विस्तार भएको मानवीय चरित्रपुञ्ज र सम्बन्धित ठूलासाना घटनावलीको सेरोफेरो त्यस्तो भाषिक र वाङ्मयिक स्तरमा चित्रित र संरचित हुन पुगेको छ जसले एकसाथ उत्कृष्ट जीवनीसाहित्य र एक विस्तृत नेपाली सामाजिकीय सृजनदर्पणका रूपमा पनि निकै महत्त्वपूर्ण र आत्मसंस्मरणात्मक उत्कृष्ट जीवनीकृतिको हैसियतसमेत प्राप्त गरेको छ । यसरी आफ्ना वंशगत र पाँचपुस्ते जीवनप्रवाहको पारिवारिक तथा सामाजिक परिवेशका चित्रणका साथै मातृश्रद्धाकेन्द्री आत्मसंस्मरणमा मुख्यत: आधारित प्रस्तुत जीवनीरचनाका सन्दर्भमा नेपाली नारीजाति र नेपाली आमाहरूको प्रतिनिधित्वकारी सत्यतथ्य घटनावली र चरित्रशृङ्खलाका संरचनामा उतारिएको विस्तारित शब्दचित्रावलीका रूपमा चित्रित जीवनगाथाका दृष्टिले पनि यस्तो विशेष महत्त्वपूर्ण जीवनीकृति रची आफ्ना स्वर्गीय आमाको शतवार्षिक पुण्यस्मृतिमा यो साहित्यिक अभिनव कृति प्रकाशित गरी अक्षरमयी नेपाली वाग्देवीका पाउमा चढाएकोमा म यसका रचनाकार वरिष्ठ साहित्यिक स्रष्टा नरेन्द्रराज प्रसाईप्रति हार्दिक साधुवाद व्यक्त गर्दछु । साथै यो ग्रन्थ प्रकाशित गर्ने नइ प्रकाशन र यसकी अध्यक्षा तथा वरिष्ठ साहित्यकार श्रीमती इन्दिरा प्रसाईप्रति पनि सुरुचिपूर्वक ग्रन्थप्रकाशनको अभिभारा वहन गरेकामा म हार्दिक आभार जनाउँछु ।

**• प्रा.डा.वासुदेव त्रिपाठी**

वि.स.२०७६ पुस २७
बानेश्वर, काठमाडौँ

**नरेन्द्रराज प्रसाईको जीवनीकृति**

# मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श

# नरेन्द्रराज प्रसाईको साहित्यवृत्त र जीवनीलेखनको कला

सुप्रसिद्ध जीवनीकार नरेन्द्रराज प्रसाईको 'मेरी आमा भागीरथा प्रसाई' नामक नवागत जीवनीकृति (वि.सं. २०७६) का सम्बन्धमा समीक्षात्मक अभिमत व्यक्त गर्ने परिप्रेक्ष्यमा अब प्रथमत: नरेन्द्रराज प्रसाईको समष्टि साहित्यिक व्यक्तित्व र साहित्यपरक मोठ प्रदानको अलिकति आकलन पनि गरौँ– सङ्क्षेपमा । त्यस दृष्टिले हेर्दा खास चिनाअनुसार वि.सं.२०११ साल चैत २९ गते सोमबार ताप्लेजुङ, हाङपाङमा जन्मेका नरेन्द्रराज प्रसाई पाँच कक्षासम्म त्यहीँको सरस्वती हाईस्कुलमा पढी छैटौँ कक्षादेखि झापाको शनिश्चरे हाईस्कुलमा पढ्न थाले भने त्यसै ताकदेखि नै उनी कविता रचना गर्दै साहित्यिक गतिविधिसँगै तत्कालीन झापा विद्रोह वा झापा आन्दोलनमा भूमिगत रूपमा २०२६-०२८ सालबीच तीन वर्षजति संलग्न रहे । पारिवारिक दबाबले गर्दा त्यस विद्रोहबाट अलगिँदै नौ कक्षादेखि उनले काठमाडौँमा बसी सङ्घर्षपूर्वक पढ्नुपर्‍यो र त्यहाँ उच्च शिक्षा हासिल गर्ने क्रममा उनमा झापा छँदै (२०२८ सालतिरै) टुसाएको साहित्यसेवाको बीजले पालुवा हाल्न थाल्यो अनि परिस्थितिवश उनले जागिर खाँदै पढ्नुपर्‍यो र स्नातक तह पूरा गरी जनप्रशासनका स्नातकोत्तर तहको अध्ययन भने पूर्ण नहुँदै छोड्नुपर्‍यो । २०३८ सालदेखि साहित्य प्रवर्द्धनतर्फ पनि उन्मुख हुँदै २०४१ सालमा उनको 'अठतिस अनौठा अनुहार' भन्ने जीवनीसङ्ग्रह

प्रकाशित भई विविध विधागत सृजनक्रम र प्रकाशनको प्रक्रिया पनि क्रमश: बढ्दै रह्यो । अहिले २०७६ सालमा अद्यावधिक रूपमा हेर्दा चाहिँ उनका पौने एक सयभन्दा बढी विविध प्रकारका र विधाका साहित्यिक ग्रन्थ प्रकाशित भएका छन् भने २०४९ सालदेखिका कतिपय तत्कालीन महत्त्वपूर्ण साहित्यिक प्रतिष्ठानहरू तथा मुख्यत: नइ प्रकाशन (२०५२) र त्रिमूर्ति निकेतन (२०६१) आदि आफ्ना सुस्थिर संस्थामार्फत विविध महत्त्वपूर्ण साहित्यिक पुरस्कारको स्थापना र प्रदानको शृङ्खलासँगै विशिष्ट ग्रन्थ प्रकाशन र तिनको लोकार्पण अनि कविशिरोमणि लेखनाथ पौडयाल, नाटयसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्ता त्रिमूर्तिको मूर्ति स्थापना र यी विभिन्न महान् स्रष्टाहरूका विशिष्ट जन्मजयन्ती तथा आदिकवि भानुभक्त आचार्य तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा प्रभृतिका द्विशतक वर्ष एवं जन्मशताब्दी कार्यक्रम र अन्तर्राष्ट्रिय प्रकृतिका विशिष्ट विविध साहित्यिक गोष्ठी-सम्मेलन आदिको आयोजनाद्वारा नरेन्द्रराज प्रसाई नेपाली साहित्यका प्रवर्द्धनका क्षेत्रमा आफैँ एक प्रतिष्ठित संस्था वा प्रतिष्ठानतुल्य हुन पुगेका छन् ।

साहित्यिक विधागत परिप्रेक्ष्यमा विशेषत: मधुर मर्मस्पर्शी गीतिरचनासँगै नेपाली गद्यसाहित्यका फाँटका खोजपूर्ण जीवनी र अन्तर्वार्ता तथा भावपूर्ण एवं सुललित निबन्ध, संस्मरण आदि आख्यानेतर विधाका उत्कृष्ट रचनाराशिका समेत प्रदानबाट नेपाली साहित्यको स्रष्टासमवायमा नरेन्द्रराज प्रसाई एक वरिष्ठ नेपाली साहित्यस्रष्टाका रूपमा सुप्रतिष्ठित रहेका छन् । वास्तवमा उनी साहित्यिक स्रष्टाका रूपमा नेपाली साहित्यका राष्ट्रिय जगत्मा र अन्तर्राष्ट्रिय वृत्तमा जति सुपरिचित छन् त्यत्तिकै उनी नेपाली साहित्यका सेवा र संवर्द्धनका क्षेत्रमा समेत वैयक्तिक तथा संस्थागत दुवै रूपमा दिएका आफ्ना उपर्युक्त बहुमुखी प्रकृतिका महत्त्वपूर्ण

योगदानका माध्यमबाट विशेष प्रतिष्ठाप्राप्त तथा अति कर्मठ र समर्पित व्यक्तित्वका धनी विशिष्ट साहित्यिक प्रवर्द्धकसमेत मानिन्छन् । यिनै सन्दर्भमा उनलाई साहित्यक्षेत्रमा मोतीराम भट्टका समयुगीन नयाँ अवतार पनि भन्ने गरिएको पाइन्छ । त्यसो त साहित्यकार नरेन्द्रराज प्रसाई २०४८ सालमा युवावर्ष मोती पुरस्कारबाट सम्मानित तथा पुरस्कृत पनि भएका हुन् ।

यति साहित्यिक इतिवृत्तिपछि अब यो चर्चा नरेन्द्रराज प्रसाईको प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक मातृ संस्मरणात्मक जीवनीकृतिकै मूल प्रसङ्गतर्फ उन्मुख हुनेछ– प्रथमतः उनका समष्टि जीवनीकारिताको सङ्क्षिप्त आकलन गर्दै ।

वि.सं.२०४१ बाट सुरु भएको सार्वजनिक महत्त्वको लेखनयात्राअन्तर्गत स्रष्टा नरेन्द्रराज प्रसाईको झन्डै साढे तीन दशक (पैँतीस वर्षजति) समयको अद्यावधिक जीवनीविधागत यात्रामा पहिले त उनले 'अठतिस अनौठा अनुहारहरू' (वि.सं. २०४१) जस्ता उनलाई परिचेय महत्त्वका लागेका विविध सार्वजनिक क्षेत्रका व्यक्ति वा व्यक्तित्वहरूका छोटाछोटा जीवनीहरूको सङ्ग्रहलाई पुस्तकीय आकृति दिन सुरु गर्दै 'नेपाली भाषाका प्रमुख समालोचकहरू' (२०५४) सम्म आइपुगे भने 'पारिजातको जीवनकथा' (वि.सं. २०५७) देखि चाहिँ उनी फुटकर जीवनीहरूको सङ्ग्रहभन्दा विशिष्ट व्यक्तिविशेषका बारेका शोधखोजपूर्ण र सुललित सृजनात्मक संस्पर्श भएका विस्तृत जीवनीग्रन्थतर्फ विशेष उन्मुख भई क्रमशः अगि बढे र 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) जस्तो शोधपरक र साहित्यिक सिर्जनाऊर्जाको सहसङ्गमी मानक नेपाली जीवनीग्रन्थको सिर्जन गर्न समर्थ हुन पुगे । उनले यी दुवै थरी फुटकर र प्रबन्धाकार वा पुस्तकाकार एकल जीवनीकृतिका ढाँचामा सबै मिलाई तीन सयभन्दा धेरै उल्लेख्य नेपाली नरनारी व्यक्तित्वका सूचनामूलक

र सरस जीवनीकृति प्रकाशित गरिसकेका छन् भने यस परिवृत्तमा उनका नेपाली सङ्गीत र राजनीतिका क्षेत्रका कतिपय दिग्गज व्यक्तिको र विशेष गरी सुप्रसिद्ध नेपाली साहित्यकारका एक दर्जनभन्दा बढी शोधोन्मुख र साहित्यसिर्जनका शक्तिले संसिक्त एकल विस्तृत जीवनीग्रन्थ प्रकाशित हुन पुगेका छन् ।

# नरेन्द्रराज प्रसाईको 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतितर्फ

यतिखेर जीवनीकार नरेन्द्रराज प्रसाई निजात्मक तर सृजनात्मक जीवनीफाँटकै एक त्यस्तो नवागत वा नयाँ पुस्तकाकार कृति लिएर नेपाली साहित्यजगत्मा गहकिलो ढङ्गले सार्वजनिक भइरहेछन् जसको विषयवृत्त भन्नु पुगनपुग आठ वर्षजति अगि त्रियानब्बे वर्षका वयमा दिवङ्गत भएकी उनकी आफ्नै जन्मदात्री आमा भागीरथा प्रसाईको तथ्यपूर्ण जीवनवृत्त नै मुख्यत: हो र तदनुरूप नै तर अलिकति आन्तरिक मातृश्रद्धाद्वारा प्लावित पनि भई उनीद्वारा प्रस्तुत जीवनीकृतिको नाम भावनात्मक रूपमै अङ्कित वा शीर्षकित हुन पुगेको छँदै छ– 'मेरी आमा भागीरथा प्रसाई' (२०७६) ।

यही 'मेरी आमा भागीरथा प्रसाई' शीर्षकित नरेन्द्रीय मातृजीवनी कृतिको चारपाँच पटकका पूर्ण र आंशिक पठन र मननका क्रममा मैले सारभूत रूपमा जुन सूचना र जानकारी अनि अनुभव र अनुभूति प्राप्त गरेँ तिनैका परिवृत्तमा म अब मेरा समीक्षात्मक अभिमतका अभिव्यक्तिका डोरेटातर्फ प्रवेश गर्दै छु ।

यो 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीमूलक रचना जीवनीस्रष्टा नरेन्द्रराज प्रसाईद्वारा हालसम्म रचित चौथाइ शतक सङ्ख्याभन्दा बढीका जीवनीग्रन्थहरूको महालस्करको नवागत छब्बिसौँ

जीवनीग्रन्थ हो । उनले आफ्नी प्रिय जननीको मृत्युको अतलस्पर्शी महाशोकज्वार केही वर्ष (सात वर्ष) जतिमा केही मत्थर भइसकेपछि सम्झीसम्झी मूलत: आफ्नी जन्मदात्री आमाका नेपाली सामाजिक परिवेशका त्रियानब्बेबर्से जीवनयात्राका सङ्घर्षक्रमसँगै नारी भई जन्मिनु र जिउनुको तीव्र जिजीविषापूर्ण एवं समविषम मोडप्रतिमोड हुँदै वार्धक्यमा समेत प्राय पीडापरिताप एवं परिमित खुसीबीच जीवनवरण गर्नुपर्ने अनि आखिर संसारसँगको महाबिदाइ तथा नश्वर देहको महाविश्रामको बिन्दुसम्म थोरधेर आत्मविस्मरणसहित पुग्नुपर्ने प्राय सत्य शाश्वत कथाको एक मानव करुणमर्मस्पर्शी संस्मरणात्मक सङ्कथन प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीग्रन्थमा कुशलतापूर्वक गरेका छन् ।

सिद्धहस्त सुप्रसिद्ध जीवनीकार नरेन्द्रराज प्रसाईले यहाँ वा यतिखेर आफ्नै दिवङ्गत आमा भागीरथा प्रसाईको स्वयम् कथामय यथार्थ जीवनको पुण्यस्मरण गर्दै आफ्ना अपरिमेय मातृममता तथा शोकोद्‌गारका भावज्वारका किनारैकिनार अन्तर्यात्रा गरी 'मेरी आमा भागीरथा प्रसाई' नामक संस्मरणात्मक जीवनीकृति प्रस्तुत गरेका छन् । त्यसैले एकातर्फ त्यही मातृममता र मातृशोकका चापप्रतिचाप अनि अर्कातर्फ आफ्नै पुर्ख्यौली परिवृत्त र पारिवारिक समविषम सम्बन्ध र तिनका उचारचढाव अनि सम्बन्धित विविध स्थानगत र समयगत परिवेश र तिनका गतिमय परिवर्तनक्रमका प्रभावप्रतिप्रभावको सेरोफेरो अनि सँगसँगैजसो स्रष्टा व्यक्ति नरेन्द्रराज प्रसाईका आफ्नै संस्मृति र जानकारीको अनि रुचिअरुचिको र रागप्रतिरागको परिवृत्त र आफ्ना विशेष दृष्टिकोण तथा दृष्टिबिन्दुका परिमितिभित्र 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीग्रन्थ रचिनु र तिनको प्रतिच्छाया वा प्रभाव यहाँ सृजनात्मक तलमा अन्तर्निहित रहनु स्वाभाविकै हो । त्यसैले नरेन्द्रराज प्रसाईका अरू जीवनीकृतिमा मुख्यत: भेटिने जीवनीगत शोध वा सोधखोजका

कौतुक तत्त्वका सट्टा प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' भन्ने नरेन्द्रीय मातृजीवनीस्वरूप यस संस्मरणकृतिमा नरेन्द्रीय आत्मसंस्मरण र आत्मदृष्टिबिन्दुअन्तर्गतको विविध घटनागत र चारित्रिक अन्तर्क्रियाका परिवृत्तमा समेटिएका र उनकी आमाका जीवनभोगाइसँग सापेक्षित जुन सत्यकथा प्रस्तुत भएको छ त्यसै सन्दर्भमा कृतिगत पठनयात्रा गर्दै रुचिशील पाठक वा भावकले यहाँ अन्तर्निहित सृजनात्मक जीवनीतत्त्वको सकुतूहल भावकीय आस्वादन गर्नु उपयुक्त हुने विश्वास म राख्दछु ।

# कृतिगत मूल संरचना
# सङ्कथन ढाँचा र कथ्यवृत्त

अब यहाँ प्रथमत: नरेन्द्रराज प्रसाईको प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक मातृजीवनीकृतिका कृतिगत मूल संरचना, परिच्छेदयोजना वा अध्यायविभाजनलगायत सङ्कथन ढाँचा र कथनपद्धतिका एवं दृष्टिबिन्दु आदिबारेमा सङ्क्षेपमा थोरै चर्चा गरौँ ।

नरेन्द्रराज प्रसाईकृत यो मातृजीवनीकृतिको मूल पाठ मूलत: यी निम्नलिखितअनुसारका परिच्छेद वा अध्यायमा क्रमश: बाँडिई, जोडिई, उनिएको र बुनिएको छ– १. मेरा बुबाआमाको जन्म र पेटविवाह, २. मेरा बाजेबाबुको कथा, ३. मेरा बुबाआमाका सन्तान, ४. मेरी आमाको जनसेवा र कष्ट, ५. मेरी आमाकी सौता, ६. मेरी आमाको दुर्घटना र मेरो जन्म, ७. मेरी आमाको बास र उठीबास, ८. मेरी आमाको बिजोक, ९. मेरी आमा र इन्दिराको अन्तरसम्बन्ध, १०. मेरी आमाप्रति कञ्चनजङ्घाको समर्पण र ११. मेरी आमाको अन्तिम चोला । यसपछि शोधखोजपरक जीवनीलेखनीकैं विशेष लेखनको अभ्यासवश यहाँ परिमित सन्दर्भस्रोतसमेत खुलाइएको छ । यहाँ यस मातृजीवनीकृतिका कृतिगत प्रवेशद्वार वा मूल दैलामा 'मेरी आमा र म' भनिएको त्यो 'लेखकीय' आमुख उभिएको छ जुन जीवनीकारको सात वर्षजति पहिले दिवङ्गता आफ्नी आमा भागीरथाप्रतिको हार्दिक अपार स्नेहश्रद्धाको र हाहाकारपूर्ण अन्तर्रोदनको पुटपाकमय अन्तर्दमित सघन शोकज्वालाज्वारको

शब्दमय रूपसंरचनामा रूपान्तरित अभ्यन्तर अश्रुमय उद्गारणकै विशेष मार्मिक भावप्रवण अंश प्रतीत हुन्छ । यस आमुख र खास गरी यस मातृजीवनीकृतिको 'मेरी आमाको अन्तिम चोला' भन्ने अन्तिम तथा एघारौँ परिच्छेदद्वारा सम्पुटित भएको प्रस्तुत जीवनीकृतिको कृतिगत अन्त:संरचना र अन्त:कारुणिक भावविधानका परिपाकका मूल ऊर्जाबाट यो जीवनीकृति गद्यात्मक तथा जीवनीपरक एवं संस्मरणात्मक बान्कीको अनि सुकुमार एवं सुललित रुचिर मध्यशैलीबद्ध शक्तिशाली मातृशोककाव्य जस्तो पनि लाग्दछ । आफ्ना मनमा अझै अन्तर्व्याप्त सघन शोकलहरीबीच तैरँदै आफ्ना मुख्यत: प्रथम पुरुषात्मक तथा संस्मरणमूलक दृष्टिबिन्दुबाट (र ठाउँठाउँमा तृतीयपुरुषात्मक दृष्टिबिन्दु पनि पर्याप्त मिसाई) आफ्ना पुर्ख्यौली इतिवृत्त (उपर्युक्त परिच्छेद : १-२) सहित आफ्नी आमाको त्रियानब्बेबर्से सत्य साँचो जीवनभोगाइको अन्तर्विपुल कथाकथन पर्याप्त प्रभावकारी रूपमा यहाँ गरिएको छ र सम्बन्धित दुई सयजति र प्रत्यक्ष तथा विशेष सम्बन्धित तीन दर्जनभन्दा बढी मानवपात्र वा विशेष सम्बन्धका व्यक्तिको चरित्ररेखाङ्कन पनि वंशविस्तारका वर्णनका क्रममा अलि सपाट रहे पनि विशेष पात्रका चित्रणमा भने अन्तर्बाह्य विशिष्ट चारित्रिक गोलाइले युक्त भेटिने गर्दछ जुन प्राय मानवीय समाज यथार्थस्पर्शी र मनोविश्लेषणात्मक कसीमा खरो उत्रिने गरी रुचिर तथा पाठकक्य चिन्ताकर्षक नै छ । स्थानकालका विस्तारका सामाजिक परिवेशगत अनेक दृश्यान्तरणका बीच ठामठाममा पात्रगत संवाद र पात्रीय आत्मालापको प्राय मध्यदृष्टिबिन्दुलाई पनि प्रशस्त प्रवेश गराई अन्तर्नाटकीकरण गर्दै ८४-८५ पृष्ठका परिमित शाब्दिक कलेवर र ढाँचामा अनि उपर्युक्त (११+१) अन्तर्बाह्य परिच्छेदका सम्पुटनमा विस्तृत पाँचपुस्ते जीवनकथा समेट्ने वाग्विस्तारमा आफ्नी आमाको प्रस्तुत झन्डै पुगनपुग वर्ष शतकीय जीवनीगाथाका आख्यान वा महाकथालाई सहज, सरल, जीवन्त र मर्मस्पर्शी ढङ्गले भन्ने, कहने या आफ्नै

शैलीसिद्ध वा शैलीकृत विशिष्ट वर्णनशक्ति तथा कुशल सूक्ष्माख्यानको कथनको विशेष सामर्थ्यसहित साहित्यिक जीवनीविधागत एक सरस, रोचक र उत्कृष्ट एवं मानस्तरीय मातृजीवनीकृतिका रूपमा परिणत गर्ने यो नरेन्द्री जीवनीलेखनकला एक बेजोडको कृतिसृजन ठहरिन पुग्दछ ।

यहाँ जीवनीकारले जे जति भन्न चाहेका छन् र भ्याएका छन् अनि जे जो भन्न रुचाएका छन् वा छैनन् त्योचाहिँ जीवनकारको लेखकीय चयनस्वतन्त्रताको विषय हो भनी बुझ्दा हुने देखिन्छ । साथै यहाँ आफ्नी आमालाई मुख्य कथ्य विषयकेन्द्र र मूल तथा केन्द्रीय प्रमुख पात्र बनाई प्रस्तुत मातृजीवनीका रचनाकार नरेन्द्रले विस्तृत स्थान, समय र मानवजीवन एवं मानवसम्बन्धका बहुआयामिक घामछायाको जेजस्तो समविषम भावप्रतिच्छविलाई चित्रित गरेका छन् त्यो नरेन्द्रीय आत्मअनुभूतिपरक कोण र उनले सुनेका अनुश्रुति र पाएका जानकारी एवं उनका सोच र मूल्याङ्कनमा आधारित भएर पनि त्यस परिधिमा मानवसम्बन्धका र मनुष्यचरित्रका बहुकोणीय अनेक अन्तर्जटिलता उद्घाटित हुन पुगी अनि यो वा त्यो नैतिक वृत्तिप्रवृत्तिका ती अनेक पात्र आफ्ना चरित्रका पत्रैपत्रे अन्तर्तहसहित प्रस्तुत जीवनीकृतिगत साहित्यिक कलात्मक दर्पणमा आआफ्ना चारित्रिक समविषम बिम्बमा अजर र चिरस्मरणीयसमेत हुन पुगेका छन् । प्रस्तुत नरेन्द्री मातृजीवनीकृतिको मूल मर्म भने समुच्चा मातृजीवनयात्राका प्रत्येक चरणका नारीपरक मानवीय पीडा र सन्त्रासको अन्वाख्यानसँगैको मातृममताश्रद्धाको स्नेहकरुणार्द्र उद्गीति नै मुख्यत: हुँदै हो र यस कृतिको मूल निहितार्थ तथा सन्देशको मुख्य इङ्गित पनि त्यतैतर्फ छ ।

उहिलेको पूर्व ५ नम्बर भने पनि हुने मुख्यत: पूर्वी पहाडी मध्यक्षेत्र, माईमेची गुन्जित रहेको पूर्वी मधेस सिमानाको झापा अनि सदर राजधानी काठमाडौँसमेतको र अलिकति भारत र थोरै संयुक्तराज्य

अमेरिका स्थानविशेषबीच रहेको बहुल भूगोलपरिपार्श्व र नेपालको उत्तरार्ध राणाशासनकालदेखि २००७ सालका र अरू ऐतिहासिक सङ्क्रमणका क्रममा गणतन्त्रकालसम्मलाई छुने पूर्वापर युगप्रतियुगका झन्डै एक शताब्दीजतिको परिवर्ती प्रबल समयगत झङ्काप्रतिझङ्काबीचको नेपाली सामाजिक जीवनप्रवाहलाई स्पन्दित तथा प्रतिस्पन्दित गर्ने जुन सामाजिक एवं विशेषत: नारीकेन्द्री तथा मातृश्रद्धाकेन्द्री (एवं पारिवारिक परिपार्श्वीयता पनि भएको) जीवनीपरक, संस्मरणात्मक अनि नरेन्द्रीकृत सुरुचिर र मर्मस्पर्शी अनि पठनीय नेपाली गद्यगाथा यहाँ जसरी चित्रित र रूपाकृत भएको छ त्यो समाजशास्त्रीय र साहित्यिक दोहोरो महत्त्व भएको नरेन्द्रीय उत्कृष्ट वाङ्मयिक प्रदान हुन पुगेको छँदै छ ।

यहाँ विभिन्न मानवीय सम्बन्धप्रतिसम्बन्ध र वृत्तिप्रवृत्ति एवं व्यवहार तथा मनोवृत्तितर्फ स्थूल र सूक्ष्म दुवै प्रकारले मिश्रित इङ्गित गर्दै र थोरै स्मितव्यङ्ग्यगर्भित परिहास र अन्तर्विनोद तथा आक्षेपिका मुद्रामा अनि अलि विशेष प्रशंसापरक भावभङ्गिमामा पनि यस जीवनीकृतिमा कतिपय चर्चित वा रेखित मानवपात्रका रेखाचरित्र चित्रित हुन पुगेका छन् र ती ज्यादाजसो पाठकीय सम्झनामा रहिरहने गरी प्राय जीवन्त, मर्मस्पर्शी र स्मरणीय हुन पुगेका छन् । यहाँ निबन्धकार, जीवनीकार नरेन्द्रको स्मित हास्य र सूक्ष्म व्यङ्ग्यविनोद अनि अन्तर्वेधी आक्षेपिकासमेत अन्तर्निहित रहने प्रभावकारी अन्तर्मिश्रित सङ्कथनमुद्रा र भावभङ्गिमामा मानवीय घटना, परिस्थिति र चरित्रलाई रोचक रूपाकृति दिने नरेन्द्रीय अलि भावुक किसिमको विशिष्ट गद्यात्मक सङ्कथनशैली प्राय: मार्मिक ढङ्गले नै प्रस्तुत जीवनीकृतिगत सन्दर्भमा पनि प्रयुक्त भएको छ । यताबाट पनि मानवीय मन सामाजिक समविषम नानाथरी वृत्तिप्रवृत्तिको समानान्तर चित्रारेख प्रचुर रूपमा रहेको नेपाली स्पृहणीय जीवनीकृतिको हैसियत प्रस्तुत नरेन्द्रीय मातृजीवनीकृतिलाई दिई विशेष पठनीय

तुल्याउनसमेत उल्लेख्य ढङ्गले मद्दत पुगेको छ । यो नरेन्द्री मातृजीवनीकृति जीवनको नैसर्गिक प्रयोगशालाको र प्रायोगिक पाठशालाको सृजनशक्तिमार्फत आख्यानिक अन्तर्रेखामय जीवनसत्यको प्रभावकारी दिग्दर्शन दिने एक मर्मस्पर्शी जीवनचित्रशालाका रूपमा पनि पर्याप्त स्मरणीय छँदै छ ।

# कृतिको मूल कथ्य र मर्म
# गद्यांशउद्धरणका परिप्रेक्ष्यमा र साक्ष्यमा

उपर्युक्त सन्दर्भमा 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीग्रन्थको 'मेरी आमा र म' भन्ने लेखकीय पूर्वकथन र यस जीवनीकृतिका मूल पाठअन्तर्गतका छैटौँ परिच्छेद ('मेरी आमाको दुर्घटना र मेरो जन्म') अनि सातौँ र आठौँ परिच्छेद ('मेरी आमाको बास र उठीबास' तथा 'मेरी आमाको बिजोक') एवं अन्तिम तथा एघारौँ परिच्छेद 'मेरी आमाको अन्तिम चोला' मार्फत झल्किने अपरिमित मातृममता र पुत्रवात्सल्य तथा असह्य मातृशोकको परिपार्श्वबाट पनि यो नरेन्द्रीय नवागत जीवनीकृति पर्यवसानमा मानवजीवनका र विशेषत: नेपाली नारीजीवनका दुखान्तीय त्रासद र अविसह्य मनोवेदनाका दुई थरी भावतटलाई पाट्दै प्रगाढ करुणरसका संसिद्धिमा पर्यवसित र विश्रान्त हुन पुगेको छँदै छ । त्यस्तै यहाँ पैँतिस वर्षको उमेरको छैटौँ वेतको सातमहिने गर्भावस्थाकी अनि ताप्लेजुङ हाङपाङको चिप्लीडाँडाको रातो माटोको खानीको सुरुङ भत्किँदा त्यसमा पुरिई शारीरिक रूपमा दुर्घटनाग्रस्त भई पछि जिउँदै उद्धार गरिई दुई महिनाजतिको स्थानीय ग्रामीण जडीबुटीजन्य उपचारपछि गर्भ बैडिँदा पनि अर्धचेतन अवस्थामै रही आमा भागीरथा प्रसाईका स्थानीय जडीबुटी उपचारकै शक्तिबाट अन्तरे छोराका रूपमा जन्मेका अनि आफ्नी जन्मदात्री आमा पूरै होसमा नफिरुन्जेल कान्छी काकी महेश्वराको स्तन्य दूध दूधेबच्ची दिदी मञ्जुसँगै

चुसी जीवन सुरु गरेका नरेन्द्रराज प्रसाईको अपार मातृममता र उनीप्रति आमाको समेत अथाह ममताकै परिवृत्तमा रचिएको नरेन्द्रीय मातृजीवनीपरक कृतिका आत्मसंस्मरणात्मक प्रगाढ भावज्वारको संस्पर्शका साथै नरेन्द्रीय विशेष भावुक शैलीगत र प्रस्तुतिगत सुकुमार तथा सुकोमल भाषाकौशल र अभिव्यक्तिज्वारको जुन सहउपस्थिति छ त्यो निकै रोचकीय र मर्मस्पर्शी पनि छँदै छ । यिनै विशेष सन्दर्भमा पाठकीय वा भावकीय परिमित नमुना अवलोकन, आस्वादन र अन्तर्मननका निम्ति तल कतिपय मर्मस्पर्शी अनुच्छेद तथा पङ्क्ति 'मेरी आमा भागीरथा प्रसाई' जीवनीग्रन्थका केही परिच्छेदका केही पानाबाट विशेष मार्मिक गद्यांशका रूपमा उद्धृत गरी क्रमश: प्रस्तुत गरिएका छन्–

**क. लेखकीय पूर्वकथनबाट उद्धृत गद्यांशहरू**

• 'मेरी पूज्य आमा ! तिमीले मलाई २०६८ सालको सरस्वती पूजामा छाडेर गयौ । तिमी बाँचुन्जेल तिमीले नै मेरो ढाकछोप गर्‍यौ, मेरा हरेक आवश्यकता पुऱ्याउने प्रयास गर्‍यौ र तिम्रा अरू छोराछोरीभन्दा पनि मलाई नै धेरै काखी चेप्यौ । त्यति मात्र होइन, तिमीले छोडेर जाँदा पनि सकेसम्म मलाई जिताएर नै गयौ ।

• 'मेरी आमा ! तिम्रो तस्बिरमा हरदिन मैले मेरो शिर राखेको हुन्छु । अनि तिम्रा लागि बोटबिरुवाका फेदमा जल नचढाई आजसम्म मैले अन्न मेरा मुखमा राखेको छैन । म प्राय: तिम्रै आराधनामा हुन्छु । मैले सदैव तिम्रो स्मृति मेरो निधारमा जोडेको छु, मेरा आँखामा राखेको छु र मेरो हृदयमा टाँसेको छु ।'

• 'आमा तिमी बाँचुन्जेल पनि मेरो चारधाम तिमी नै थियौ र त्यसपछि पनि मेरा लागि हरेक दिन मातातीर्थ मेरै मन, वचन र कर्ममा आबद्ध छ; मेरी आमा !'

• 'मेरी आमाको पार्थिव शरीरले छोडेर गएपछि मैले जीवनलाई चिन्नसम्म चिनेँ । वास्तवमा त्योभन्दा अघि मैले जीवन र मृत्युको परिभाषा त्यति सारो बुझ्नै सकेको पनि थिइनँ । जब मेरी आमालाई यस पृथ्वीबाट मैले बिदा दिएँ, त्यसपछि मभित्र एक्कासि शून्यताले साम्राज्य चलाएको ममा अनुभूति हुन थाल्यो । अनि मलाई जताततै मेरी आमाकै अभावैअभाव खट्केको महसुस भइ नै रह्यो । कतिसम्म भने, घाम लाग्दा पनि त्यस्तो प्रचण्ड उज्यालोमा मेरी आमा नदेखेर म रुन्थेँ । आमाबिनाको मेरो संसार अब अन्धकार भएको छ ।'

### ख. 'मेरी आमाको दुर्घटना र मेरो जन्म' नामक छैटौँ परिच्छेदबाट उद्धृत गद्यांशहरू

• 'पहिरोले पुरेको दुई महिनासम्म मेरी आमा जिउँदो लासझैँ घरैमा लडिरहिन् । त्यतिखेर जडीबुटी खुवाएर र लगाएर मेरी आमालाई निको पारिएको थियो । मेरी आमाले खाएको त्यही जडीबुटीका कारणले आमाको गर्भमा रहेको बच्चाको पनि राम्रो स्वास्थ्य भयो । महिना पुगेपछि मेरी आमाले स्वाभाविक प्रसवपीडामा अर्ध बेहोसीमै पनि एउटा बालक जन्माइन् । अनि ज्योतिषीले ती बालकको नाउँ नरेन्द्रराज प्रसाई राखे ।'

• 'बाल्यकालदेखि नै म मेरी आमाको परम भक्त थिएँ । आमा बाँचुन्जेल मेरी आमा नै मेरो विश्व थिइन् । अनि आमा स्वर्गीय भएपछि पनि मेरी आमाकै नाउँमा नै मेरो प्राय: ध्यान केन्द्रित भइरह्यो ।'

• 'आमा मेरी भगवान् थिइन् भने म उनको भक्त पुजारी थिएँ ।'

### ग. 'मेरी आमाको बास र उठीबास' नामक सातौँ परिच्छेदबाट उद्धृत गद्यांशहरू :

• 'उनले एक दिन जोडजोडका साथ कराएर भनेकी थिइन्– 'ए समाजका मान्छेहो ! यस घरबाट मलाई निकाल, या त यस

बूढीलाई यस घरमा राख, या त मलाई राख । म यस बूढीसँग टिक्नै सक्तिनँ ।'

• 'उनलाई क्रमश: आफ्नै कोखका घाउले दु:ख दिन थालेको थियो ... दिनहुँको रडाकोबाट मेरी आमा पलपल आत्तिने गर्थिन्, भौँतारिने गर्थिन् र रुने गर्थिन् । त्यस बेला मेरी आमालाई न भोक थियो न तिर्खा थियो ।'

• 'मेरी आमा झन्डै तीन दशकजति रजगजका साथ झापामा नै बसेकी थिइन् । मेरी आमाले झन्नै असी वर्ष भइन्जेल मेरा भाइबुहारी र उनीहरूका सन्तानलाई संरक्षण दिइरहिन् । त्यतिन्जेलसम्ममा मेरा कान्छा भाइ गङ्गा र बुहारीले मेरी आमासँग भएको रहलपहल जेथो पनि सोरसार पारिसकेका थिए । त्यसपछि उनीहरूले आमाको हेरचाह गर्न नै छोडिदिए । अनि मेरी आमा बेवारिसेजस्तै हुन थालेकी थिइन् ।'

## घ. 'मेरी आमाको बिजोक' नामक आठौँ परिच्छेदबाट उद्धृत गद्यांशहरू

• 'म झापामा पुग्दा मेरी आमा सिथिल भएर सुतिरहेकी थिइन् । अनि मलाई देख्नेबित्तिकै मेरी आमा बोलिन् । धेरै दिनपछिको उनको त्यो बोली पहिलो थियो । उनी मेरो नारीमा समाएर डाँको छाडेर रुन थालिन् र भनिन्– 'छोरा ! मेरो छोरा, मलाई नछोड् न है ! तँ जता जान्छस् मलाई उतै लैजा न ! मलाई यो नर्कमा नथुपार् न, मेरो छोरा !' त्यतिखेर मेरी आमाका संवादले मेरो मुटु कुटुकुटु खान थालिसकेको थियो । मैले दाजुभाइ कसैलाई पनि धिक्कार नगरी मेरी आमालाई लिएर म सरासर काठमाडौँ आएँ ।'

## ङ. 'मेरी आमाको अन्तिम चोला' नामक एघारौँ परिच्छेदबाट उद्धृत केही गद्यांश

• 'मेरी आमाले आजीवन भौतिक, शारीरिक र मानसिक सङ्घर्ष खेपेकी थिइन् । जीवनको अन्त्यमा उनी बराबर भन्ने

गर्थिन्– 'मर्ने बेलासम्ममा मात्र मान्छे चिन्न सकिँदो रहेछ ।' उनी बुढेसकालमा प्रवेश भएर उनले रगत पसिनाले भिजाएको घर छाड्न बाध्य भएपछि उनलाई धोका दिनेहरूसँग सारै चित्त दुखाएकी थिइन् । दिनरात आमाका आँसु हेरेपछि मात्रै मलाई मनमा लाग्ने गर्थ्यो– 'मान्छेले किन, केका लागि र कसरी छोराछोरीचाहिँ जन्माउँछन् ?' वास्तवमा मेरी आमाका पनि 'बाह्र छोरा तेह्र नाति, बूढीको धोक्रो काँधैमाथि' भइरहेको म देखिरहेको थिएँ ।'

• 'मेरी आमाको भौतिक चोलासँग आगोले मितेरी लगाइरहेको थियो । तर मेरा आँसुलाई दनदनी बलेको आगोले सुकाउन सकेको थिएन । त्यहाँ जतिजति आगो दन्किन्थ्यो त्यतित्यति मेरा आँखाबाट कोसी, गण्डकी र कर्णाली बगिरहन्थे ।'

प्रस्तुत नरेन्द्रीय मातृजीवनीकृति 'मेरी आमा भागीरथा प्रसाई' का लेखकीय कथनका विभिन्न एघार परिच्छेदबाट लिइएका पूर्वोक्त विभिन्न कृतिगत नमुना उद्धरणका साक्ष्यमा र परिप्रेक्ष्यमा प्रस्तुत मातृजीवनीकृतिकी इतिवृत्तीय केन्द्रीय चरित्रस्वरूप 'आमा' पात्र ती भागीरथा प्रसाई हुन् जसको जन्म वि.सं. १९७६ साल जेठ ८ गते नेपालको पूर्वी पहाडको तेह्रथुम आठराईको इवा गाउँमा त्यहाँका गण्यमान्य सुसम्पन्न परिवारका प्रेमलाल उप्रेतीकी जेठी पत्नी कौशल्याका कोखबाट भयो र देहान्तचाहिँ २०६८ साल माघ १४ गते सरस्वतीपूजनको पर्वसमेत सम्पन्न हुँदो श्रीपञ्चमीका दिन बिहान काठमाडौँको अनामनगरको नइगृहमा आफ्ना प्रिय अन्तरे छोरा नरेन्द्रराज प्रसाईका काखमा त्रियानब्बे वर्षका उमेरमा भयो । यी भागीरथाको सात वर्षका बाल्य उमेरमा नै ताप्लेजुङका हाङपाङका परम्परागत बृहत् आठराई क्षेत्रकै सेरोफेरोका ग्रामीण सुसम्पन्न सामन्त परिवारका प्रतिष्ठित व्यक्ति नन्दमणि प्रसाई र उनकी पुनर्विवाहिता कान्छी पत्नी देवकलाका माहिला छोरा

नरध्वज प्रसाईकी जेठी पत्नी शिवमायाका कोखबाट, छोरातर्फका जेठा र माहिला छोरापछि, १९७५ साल चैत २९ गते जन्मेका आठबर्से जयप्रसाद प्रसाईसँग त्यति बेलाको विशेष प्रचलनअनुसार सम्पन्न हुन पुग्यो । यी दुई बालिका वधू र बालवरका बीच यिनका उपर्युक्त बाबुबाबुका बीच धनकुटा अमिनीका तारिख खेपाइका क्रममा भएको घनिष्ठ चिनाजानाका क्रममा एउटा लहडी बथबाजी भएको थियो– उनीहरूका त्यतिखेर गर्भवती आआफ्ना पत्नीका गर्भबाट जन्मने दुई सन्तान छोराछोरी भई जन्मेमा तिनको यथासमय वैवाहिक जोडी बाँधिदिने । उपर्युक्त दोहोरी वाग्दान वा वचनदानका सम्मानमा सातै वर्षका उमेरमा विवाह सम्पन्न भई बालवधू भागीरथा प्रसाई केही वर्ष मैतालु नै रहिन् । विवाहोत्तर कर्मभूमिका सन्दर्भमा चाहिँ यी भागीरथा तेह्र वर्षका उमेरदेखि आफ्ना पतिसँगै हाङपाङका घरगृहस्थीमा रहिन् । यसैबीच स्थानीय सेरोफेरोका उप्रेती र शिवाकोटी कुलका बीचका प्रतिष्ठाद्वन्द्वका क्रममा भागीरथाकी सासूका माइती शिवाकोटी भएका कारणले उनैका दबाबमा पैदा हुन पुगेको प्रतिकूल पारिवारिक परिस्थितिवश तिनै सासूका तजबिजले सौतासमेत बेहोर्दै उनले कडा बुहार्तन खेप्नुपऱ्यो । १९९५-२०१४ सालका बीच उनका छ छोरा र एक छोरी जन्मिए अनि तिनैमध्येका र उनका पूर्वोक्त रातो माटोखानीको दुर्घटनापछिको अर्धबेहोस अवस्थामा जन्मेका र जन्मनासाथ काकीको दूध खाई बाँचेकाले पनि विशेष प्रिय रहेका अन्तरे छोरा नै प्रस्तुत जीवनीलेखक नरेन्द्रराज प्रसाई हुन् ।

भागीरथा प्रसाई २००७ सालको क्रान्तिको पूर्वापर समयमा नेपालका पूर्वी पहाडी भेगमा भएको हलचल र हूलचालका कारणले ज्यान जोगाउन विशेष गरी पुरुषहरू मधेस झर्ने क्रममा मधेसका औलाले च्यापी पहाड फर्किंदा एघार वर्षमै दिवङ्गत

आफ्नो माहिलो छोरा पद्मराजलाई सपनामा देखेको दसौँ महिनाका सुरुमा जन्मेकाले यी अन्तरे छोरालाई माहिलाकै औतारतुल्य ठान्थिन् । भागीरथाले अन्तरे छोरा नरेन्द्रलाई विशेष स्नेह गर्नाको यो अर्को कारण थियो ।

भागीरथाका पति जयप्रसाद प्रसाई दुई खोपीका पञ्चपाण्डव अवतार दाजुभाइहरूका बीच अर्जुन भनिन्थे र विद्यावान् तथा विशेष बुद्धिमान् मानिन्थे अनि 'जिजु' नाउँले पनि पुकारिन्थे र त्यो घरै जिजुघर (जिजु हाउस) हुन पुग्यो । दौँतरीतुल्य दुई दाजुसँगै सजिसजाउपन, विशेष लवाइखवाइ र वेषभूषा एवं छानीछानी गरिने घोडाचढाइ, सामन्ती रोबरबाफ र सोख तथा सानसौकतको जीवन बाँच्दै र टाढानजिकको डुलफिर एवं यात्रा गर्ने विशेष अभिरुचिसहित १९९० सालतिरै ताप्लेजुङ हाङपाङका त्यस दुर्गम गाउँका घरमा जस्ता (च्यादर) को छानो राख्ने र बनारस (काशी) सम्मबाट किनेर ल्याई हार्मोनियम, ग्रामोफोन र मइन्टोलजस्ता उसताकका नयाँ सौखीन सामान जोड्ने अनि उपभोग गर्ने र धर्मकर्म, दानपुण्य, नि:शुल्क अध्यापकी, मीठो सामूहिक प्रार्थना र गायनको अगुवाइ र साङ्गीतिक तथा नर्तकीय रुचिका साथ यिनको दैनिकी बित्तथ्यो । साथै धार्मिक, शैक्षिक र सामाजिक प्रभृति प्रकृतिका खास गरी शिवालय अनि भण्डारा र च्यादरेपाटी, विद्यालय र छात्रावास अनि धारा, पोखरी, बाटो आदिको निर्माण गर्नेजस्ता नाना परोपकारी वा लोककल्याणकारी समाजसेवी कार्यसमेत गर्दै र जोगीहरूका सङ्गतबाट अलि गैरसंसारी र वीतरागी वेदान्तीजस्ता पनि हुँदै अनि मतो र मन अनि कालफाल पनि मिल्ने आफ्ना दुई दौँतरी बन्धु वा दाजु क्रमश: मरी र बेपत्ता भई तिनको साथ छुटेपछि र २००७ सालको क्रान्तिका छेकाका क्रमिक उथलपुथलबीच परिस्थितिवश एक्लो भई ओत्ऱाउन पुगेका जयप्रसाद प्रसाई भागीरथाका पति पुन: घरगृहस्थीमा फिरेका त थिए तर उनले छोराछोरीको रेखदेखका

अतिरिक्त उति व्यवहार भने हेरेनन् । २०२० साल असार ४ गते पैंतालिस वर्षकै उमेरमा भागीरथाका यी पतिको असामयिक आकस्मिक निधन भयो । पति जयप्रसादको पैंतालिस वर्षकै अधबैंसे उमेरको यस अप्रत्यासित अवसान भागीरथाका वैधव्य जीवनमा आफ्नै बन्धुजन र स्वजनद्वारा उठाइएका जग्गाजमिनका खरखिचोला र कपटपूर्ण अन्तर्घातबाट क्रमश: अनेक सङ्कट आइपर्दा घोर दु:ख र आर्थिक अभावको जीवन पनि उनले बेहोर्नुपऱ्यो । यसरी आफ्नो चवालिस वर्षकै उमेरदेखिको सङ्घर्षपूर्ण वैधव्यजीवनबीच सौतापट्टिको समेत लालाबाला परिवारको लालनपालनको र सक्दो शिक्षाप्रदानको गुरुतर अभिभारा धैर्यपूर्वक र पूर्ण लगनशीलता तथा निष्ठाका साथ सक्दो सँभाल्दै उनी २०२७ सालदेखि झापाको शनिश्चरेको सालबारीमा मधेस बसाइँ सरिन् । त्यहाँ पहाडका आफ्ना जग्गा र शरीरका गहना बेची किनिएका किनुवा नयाँ जिमीजग्गाका आबादी र कृषिकर्मका क्रमिक सफल विस्तारमा केही छोराहरूको मद्दतसहित तीन दशकजति खुबै खटी अद्भुत साहस र पौरख देखाई राम्रो बन्दोबस्त मिलाउन उनी सक्षम भइन् । तर पछि आफैंले काँखेका आफ्नै सन्तानमध्येबाट (कान्छा छोराबुहारीबाट) उनको भागको सम्पत्ति झुक्क्याई हत्त्याउने छलछद्मका कारणबाट पैदा भएको प्रतिकूल परिस्थितिवश अकिञ्चन रूपमा त्यहाँ रहन नसकी २०५६ साल जेठ ८ गतेदेखिको उनको उत्तरवार्धक्यतिरको (असी वर्ष उमेरपछिको) जीवनयात्राको जराजीर्ण रुग्ण शेष उमेर भने काठमाडौंमा अन्तरे छोरासँगै नइगृहमा नै प्राय बितेको पाइन्छ ।

पूर्वोक्त 'मेरी आमा र म' उपशीर्षक रहेको लेखकीय आमुख कथनका अतिरिक्त ११ परिच्छेदमा अन्तर्विभाजित भई संरचित ८४-८५ पृष्ठजतिको परिमित भौतिक कलेवर र छरितो संरचना भएको प्रस्तुत नरेन्द्री 'मेरी आमा भागीरथा प्रसाई' नामक मातृजीवनीकृतिद्वारा संस्मरणात्मक ढङ्गले वर्णन गरिएकी र चिनाइएकी

मुख्य पात्रस्वरूप आमा भागीरथाको उपर्युक्त कर्मठ र पौरखी अनि पर्याप्त सहनशील र साहसी नारीचरित्रको जीवनकथाको पुर्ख्यौली पूर्वपृष्ठभूमिसहितको समयगत र स्थानगत सन्दर्भको समविषम यथार्थ परिवृत्तको खास सेरोफेरो झन्डै एक शताब्दीभन्दा बढी समयावधितर्फ ताक्दै अगि बढी आमा भागीरथाको निधन र अन्त्येष्टिलगायत शुद्धिकर्म र बर्खी, पुराणवाचन आदि शुद्धिसंस्कारका प्रसङ्गसम्म तन्किई पर्यवसानमा पुगेको छ । यस क्रममा यहाँ सुरुमा पुर्ख्यौली वृत्तसहित जीवनीकार नरेन्द्रराज प्रसाईका पितामाता जयप्रसाद र भागीरथा प्रसाईको जन्मरेखा क्रमश: वि.सं. १९७५-१९७६ देखि खास थालिई मुख्यत: तेह्रथुम र ताप्लेजुङको र यसोउसो धनकुटाको अनि इलामको पूर्वी पहाडी नेपालको र २०२७ सालदेखि मूलत: पूर्वी सिमान्त मधेस झापाको (र अलिकति मोरङको) परिवेश अनि सदर राजधानी काठमाडौँसम्म अनि देशबाहिरतिर पनि थोरै तन्किन पुगेको छ । आफ्नी आमाको जीवनवृत्तमा मुख्यत: केन्द्रित यो नरेन्द्रीय मातृजीवनीकृति सृजना मुख्यत: उनकै वास्तविक जीवनभोगाइकै अनुरूप तर पर्याप्त कथामय र अन्तर्नाटकीय किसिमका सृजनात्मक प्रस्तुतिका बान्कीमा उनिई बुनिई विशेष कौतुकपूर्ण र मर्मस्पर्शी गद्यात्मक आख्यानतुल्य सरस आस्वादसहित एवं आत्मसंस्मरणात्मक तथा निबन्धात्मक पुलकित संस्पर्शसहित बहुपात्रीय परिवृत्तमा पूर्वोक्त एघार परिच्छेदमा अन्तर्ग्रथित भई मर्मस्पर्शी रूपमा सङ्कथित तथा सशक्त रूपमा संरचित हुन पुगेको छ । यहाँ मानवीय मनोभूमिका समविषम परिपार्श्वमा मानवीय पारिवारिक झन्डै पाँच पुस्ता र झन्डै एक शताब्दीजतिको समयप्रवाहको प्रतिबिम्बी नेपाली ग्रामीण र नगरीय समाजशास्त्रीय युगीन परिदृश्यको चापप्रतिचापको जीवन्त तथा चित्ताकर्षक गद्याख्यानात्मक शब्दचित्रावली पनि रचित हुन आएको छ । यहाँ मुख्य या अमुख्य रूपमा कथित घटना र वर्णित पात्र एवं परिवेशसमेतलाई दृष्टिगत गर्दा चाहिँ यस जीवनीकृतिमा झन्डै

डेढ शताब्दीको समयसन्दर्भ र नेपालका पूर्वी पहाड र मधेस तथा सदर राजधानी काठमाडौँलगायतका कतिपय गाउँ र नगर भेगको पारिवारिक तथा सामाजिक क्रियाप्रतिक्रियाका जीवन्त परिदृश्यसमेत चित्राङ्कित भई थोरै भारत (जोगबनी) र संयुक्त राज्य अमेरिकातिरको स्थानगत परिमित सन्दर्भलाई पनि रोचक ढङ्गले छोइएको भेटिन्छ । यस जीवनीकृतिको मुख्य कथ्यचाहिँ विगत पूर्ण एक शतक वा शताब्दीजतिको अवधिको समष्टि नेपाली नारीजीवन र मातृत्वको चरम सङ्कष्टसहनशीलता र अति नै श्रमशीलता तथा सङ्घर्षशीलताका ओजले र असीम स्नेहममताले भरिपूर्ण अनि कहिल्यै नथाक्ने र नहार्ने किसिम वा प्रकृतिको दृढ मनोबलको सृजनात्मक अभिवन्दना अवश्य नै हो । यहाँ आफ्ना पारिवारिक समविषम सम्बन्धवृत्तका सासू, पति र सौता अनि कतिपय सहयोगी र कति विद्वेषी स्वजन तथा बन्धुजन र निरपेक्ष परिवारजन तथा कहिले कता छोराबुहारी आदि निकटजनसमेतबाट स्वार्थवश प्रताडित तथा पीडित भएर पनि प्राय अमित स्नेहपूर्ण जीवनरसको अजस्र स्रोत निरन्तर प्रवाहित गर्दै आएको अपराजेय मातृममतामर्मको जैविकीय र सामाजिकीय तथा मनोभूमिगत द्वन्द्वका अभिव्यञ्जक नरेन्द्री सृजनात्मक जीवनीपरक अभिव्यञ्जनाको मृदु मर्म नै मूलतः उपर्युक्त केन्द्रीय कृतिगत अन्तर्मर्मका रूपमा ध्वनित हुन पुगेको पाइन्छ ।

उपर्युक्त परिवृत्तमा मानवीय मूल जैविक वृत्तिप्रवृत्तिका बीचका अन्तर्क्रियाका दृष्टिले प्रस्तुत जीवनीकृतिका अन्तर्मर्मतर्फ चिहाउँदा चाहिँ कस्तो देखिन्छ ? भनौँ– यहाँ एकातर्फ नरनारीका बीचका जिजीविषा तथा प्रेम, स्नेह र यौनेच्छालगायत सृजनेच्छा र पालनेच्छा तथा अध्यहम् र लोकैषणा अनि जो सकेको दिने र आत्मदानै दिने प्रबल चाहनाले परिपूर्ण सत् मानववृत्ति प्राय व्यक्तिएको छ भने अर्कातर्फ चाहिँ वैयक्तिक अहम् र स्वार्थोन्मुखता तथा प्रभुत्व तथा दमनेच्छालगायत परपीडन र हिंस्रकता, विपुल तृष्णा तथा अरूबाट

सक्दो लिने, धुत्ने र खोस्ने प्रबल भौतिक इच्छा प्रभृति प्राय असत् एवं मूल मानववृत्तिको अन्तर्विरोधी वा परस्परविरोधाभासी जीवनप्रतिमूल्यलाई पनि समानान्तर रूपमा जीवनीगत खासखास पात्रहरूका चरित्रका आरेखबाट चित्रित गरिएको छ । यिनै दुई थरी मानवीय उच्च र निम्न वृत्तिका द्वन्द्व र सन्तुलनका प्रचेष्टाका सन्दर्भमा प्रस्तुत जीवनीकृतिगत मूल रचनामर्म शक्तिशाली कृतिगत निहितार्थका रूपमा अन्तर्व्यक्त रहेको छ । त्यस्तै पुरुषवर्गसँग सापेक्षित वंशानुक्रमी नारीजीवनप्रवाहका बाल्य, बैंस र वार्धक्यका यात्राका पूर्वपुस्ता (आमाबाबु आदि), समपुस्ता (लोग्ने आदि) र अनुपुस्ता (आफूद्वारा जन्माइने अनि पालिने र हुर्काइने छोराछोरी आदि एवं अंशभागी दायाद) सँग सन्दर्भित र सापेक्षित व्यवहारगत अनुरूपता, सहज दु:खसुख र पर्याप्त तुष्टि एवं तृप्तिसँगै प्रतिकूलतावश भग्न मातृहृदयको समेत उस्तै तीव्र परिताप तथा पीडाको अन्तर्ज्वालाको समवेत सारभूत सम्मिश्रित अन्तर्कथ्यतर्फ पनि यहाँ कृतिगत इङ्गित र अन्तर्व्यञ्जना पाठकसंवेद्य रूपमा टड्कारिएको छँदै छ ।

साथै यहाँ एक मातृपरायण पुत्रको आफ्नी दिवङ्गत महीयसी आमाप्रतिको उच्च भावपूर्ण अभ्यन्तर भावविह्वल श्रद्धाभक्तिप्रवाहका सृजनात्मक ऊर्जाको अन्तर्ज्वारको साहित्यिक अभिव्यक्तिप्रयासको तीव्र उत्प्रेरणावश नै मुख्यत: नरेन्द्री 'मेरी आमा भागीरथा प्रसाई' नामक मातृजीवनीकृति अन्तर्रचित तथा सृजित हुन पुगेको मूल रचनागर्भ र रचनामर्मसमेत विशेष स्मरणीय रहेको छ । त्यस्तै जीवन र समाजका समविषम मानवीय यात्राक्रमका जीवनीपरक लेखाङ्कन वा लेखाबहीका स्वस्ति र अस्वस्तिका सन्तुलनपटका हिसाबकिताबले जति पीडा र परिताप भोग्नुपरे पनि त्यसबाट कहिल्यै खास क्लेशित र बाधित नहुने अनि नहार्ने एवं सदा सिर्जनशील र वात्सल्यमय रहने नारीजीवधर्मको र नारीजीवनऊर्जाको सर्वाधिक पुण्यमय हार्दिक पाटोस्वरूप

मातृमहिमाको जुन शक्तिशाली वस्तुनिष्ठ गद्यकाव्यात्मक कोटिको सरस र रोचक अभिव्यञ्जना 'मेरी आमा भागीरथा प्रसाई' नामक मातृजीवनीकृतिमा गरिएको छ त्यसले गर्दा यो एक साहित्यिक परिमितिगत सौष्ठवले पूर्ण चिरस्मरणीय जीवनीसृष्टिका रूपमा नेपाली साहित्यसंसारमा पर्याप्त रुचाइन सक्ने एक मानक कृति बन्ने प्रचुर सम्भाव्यतातर्फ पनि यहाँ म अलिकति इङ्गित गर्दछु ।

## कृतिगत वस्तुजगत् र पात्रविधानको मूल मर्म

उपर्युक्त विभिन्न परिप्रेक्ष्यमा प्रस्तुत जीवनीकृतिमा उल्लिखित र चर्चित अनि अनुवंशी स्मरणक्रममा र सूच्य रूपमा समेत समेटिएका नामअनाम तथा व्यक्तिगत र समूहगतसमेत झिनामसिना, मोटा र गोलागहिरा अनि प्रधान र अप्रधान एवं गौण र अति गौण भूमिकासमेतका झन्डै दुई सयजति विविध पुस्ता र वयका र सामाजिक आर्थिक वर्गका अनि उपर्युक्त भूक्षेत्रका स्थानविशेषका मानवपात्र मेरा पठन र मननमा धेरथोर समेटिन पुगेका छन् र तीमध्ये प्रस्तुत जीवनीगत सन्दर्भमा तल उल्लिखित यी तीन दर्जनभन्दा बढी पात्रहरू विशेष जीवन्त र उल्लेख्य लाग्दछन् भने बढीमा झन्डै पाँच दर्जनजति नै अङ्कनीय देखिन्छन्–

१.क. नन्दमणि प्रसाई : प्रस्तुत आत्मसंस्मरणमिश्रित जीवनीकृतिका रचनाकार तथा कथयिता नरेन्द्रराज प्रसाईका तीन पुस्तापूर्वका प्रपितामह वा हजुरबाजे तथा पूर्वी पहाडी नेपालका ताप्लेजुङका हाङपाङलगायत परम्परागत आठराई क्षेत्रका कहलिएका अनि डेढ शताब्दीजति पुराना एक प्रभावशाली ग्रामीण साहू सामन्त व्यक्तित्व : (उपर्युक्त परिच्छेद २);

ख. उपरोक्त (१.क.) अनुसारका नन्दमणि प्रसाईकी जेठी पत्नी हरिमाया र पुनर्विवाहिता कान्छी पत्नी देवकला : प्रस्तुत जीवनीका रचयिता र कथयिता नरेन्द्रराज प्रसाईका तीन पुस्तापूर्वका

पाँच आआफ्ना व्यक्तिवैशिष्टच रहेका जेठीकान्छी हजुरबज्यै वा प्रपितामहीद्वय (पूर्ववत्, परिच्छेद २);

२.क. नरध्वज प्रसाई : उपर्युक्त १.क. चरित्रसन्दर्भ अनुसारका नन्दमणि प्रसाई र उपर्युक्त १.ख. चरित्रसन्दर्भअनुसारकी उनकी पुनर्विवाहिता कान्छी पत्नी देवकलाका माहिला छोरा तथा प्रस्तुत जीवनीकृतिका रचनाकार र कथयिता नरेन्द्रराज प्रसाईका बाजे वा पितामह तथा तत्कालीन धनकुटा अमिनीमा समेत धाइरहने अनि आजभन्दा सवासय वर्षजति अगिका एक हाङपाङे ग्रामीण सामन्त तथा जेठीकान्छी पत्नीद्वय शिवमाया र रुक्मिणीका पति वा लोग्ने र यी दुई गुँडबाट जन्मेका पञ्चपाण्डव भनिने पाँच भाइ छोरा र नौ बहिनी छोरीका बाबु वा पिता (परिच्छेद १, २);

ख. शिवमाया प्रसाई : उपर्युक्त २.क. अनुसारका नरध्वज प्रसाईकी जेठी पत्नी र प्रस्तुत जीवनीकृतिका रचनाकार नरेन्द्रराज प्रसाईकी खास आफ्ना नालकी पितामही वा बज्यै तथा निकै कडा स्वभावकी सासू (परिच्छेद २);

३. प्रेमलाल उप्रेती : तेह्रथुम इवाका एक ग्रामीण सामन्त र धनकुटा अमिनीमा तारेख खेप्ने क्रममा उपर्युक्त २.क. अनुसारका हाङपाङे नरध्वज प्रसाईका घनिष्ठ आत्मीय मित्र हुन पुगेका सन्दर्भमा वि.सं. १९७५ को सुरुतिर क्रमशः आआफ्ना गर्भिणी जेठी पत्नी कौशल्या उप्रेती र शिवमाया प्रसाईका सन्तान छोरा र छोरी जन्मेमा तिनका बीच कुटुम्बेरी वैवाहिक सम्बन्ध बाँध्ने सहबाचाबन्धनमा सम्मिलित व्यक्ति र तद्नुसार बिहे हुनाको परिणामस्वरूप प्रस्तुत जीवनीकृतिका रचनाकार र कथयिता नरेन्द्रराज प्रसाईकी आमा भागीरथा प्रसाईका बाबु वा मातामह (परिच्छेद १, २);

४.क. जयप्रसाद प्रसाई : (अ) प्रस्तुत जीवनीकृतिका रचनाकार तथा कथयिता नरेन्द्रराज प्रसाईका बाबु या पिता र

(आ) हजुरबाजे पूर्वोक्त नन्दमणि प्रसाई र उनकी कान्छी पत्नी देवकलाका माहिला छोरा नरध्वज प्रसाई र उनकी जेठी पत्नी शिवमायाका तर्फका साहिँला छोरा एवं आजभन्दा करिब एक शताब्दीजति समयअगि वि.सं. १९७५ मा ताप्लेजुङ हाङपाङमा जन्मेका स्थानीय प्रतिष्ठित तथा सम्पन्न एवं प्रभावशाली व्यक्ति तथा पाँच भाइ पाण्डवमध्येका अर्जुन भनिने ओजस्वी व्यक्तित्व अनि सानसौकत र चहलपहलले पूर्ण तथा पछि परिस्थितिवश ओझाएका व्यक्ति र (इ) प्रस्तुत जीवनीकृतिकी केन्द्रीय शीर्षपात्रस्वरूप भागीरथा प्रसाई (र कान्छी पत्नी दिव्यरूपाका पनि) पति वा लोग्ने; र (ई) २०२० सालमा दिवङ्गत (परिच्छेद १, २, ३, ५);

ख. नरध्वज प्रसाईका पत्नीद्वय शिवमाया र रुक्मिणीका दुई गुँडका पञ्चपाण्डव छोरा (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव) मध्येका क्रमश: जेठा षडानन्द प्रसाई, माहिला मानबहादुर प्रसाई (कान्छी पट्टिका एकै जना छोरा) र साहिँला जयप्रसाद प्रसाईको खुबै मतो मिल्ने सहस्थिति र चकचकी अनि जेठी पट्टिका माहिला छोरा वेणुप्रसाद र कान्छा रूपनारायणको पनि खुबै मतो मिल्ने दमली सन्दर्भका पाँच दाजुभाइ (परिच्छेद २);

ग. भागिरथा प्रसाई : अ. प्रस्तुत जीवनीकृतिका रचनाकार तथा कथयिता नरेन्द्रराज प्रसाईलगायत पाँच भाइ छोरा र एक छोरीकी आमा; आ. माथिको क्रमश: दफा ३ र ४.क. अनुसारका प्रेमलाल उप्रेती र कौशिल्या उप्रेतीकी साहिँली छोरी एवं जयप्रसाद प्रसाईकी जेठी पत्नी अनि वि.सं.१९७६ जेठ ८ गते बुधबार जन्मेकी र सात वर्षका उमेरमा बिहे भई केही वर्ष मैतालु रही तेह्र वर्षका उमेरदेखि दाम्पत्य र गार्हस्थ्य जीवनमा आबद्ध भई सौताने मामलो पनि बेहोर्दै २०२० सालमा पतिको निधन भएपछि गृहस्थी र सन्तानको लालनपालनको अभिभारा सङ्घर्षपूर्वक बेहोर्दै ताप्लेजुङ हाङपाङका पहाडबाट २०२७ सालमा झापा मधेस झरी नयाँ

जग्गा आबादी र खेतीमा ससङ्घर्ष खटी स्थानीय प्रतिकूल दबाबका सन्दर्भमा रणचण्डी र 'मापाकी हाङपाङे आमै' समेत बनी टिकी सफल भए पनि २०३७ सालको अंशबन्डापछिका केही वर्षबीच प्रिय कान्छा छोराबुहारीका परिबन्दमा परी लगभग रित्तो र असहाय हुन पुगी बुढचौलीका रुग्ण (मधुमेह, उच्च रक्तचाप, दम, अल्सर र स्मृतिह्रासका कारणले बहुरोगार्त) चरम अवस्थामा काठमाडौँमा नइगृहमा श्रद्धास्नेहपूर्वक सेवा सुसार र उपचार प्राप्त गर्दै त्रियानब्बे वर्षका उमेरमा २०६८ सालमा दिवङ्गत भएकी नेपाली पौरखी नारी तथा यस जीवनीकृतिकी मूल चरित्र ('मेरी आमा र म' भन्ने लेखकीय आमुखपछिका सबैजसो जीवनीकृतिगत परिच्छेदसँग सन्दर्भित);

घ. दिव्यरूपा प्रसाई : प्रस्तुत जीवनीकृतिका रचनाकार र कथयिता नरेन्द्रराज प्रसाईकी सौतेनी आमा, ताप्लेजुङका दधिराम र विश्वेश्वरा चुडालकी कान्छी छोरी; उपर्युक्त दफा ४.क. र ख. अनुसार जयप्रसाद प्रसाईकी कान्छी पत्नी र भागीरथा प्रसाईकी सौता तथा पहिले श्रद्धावती र आज्ञाकारिणी अनि वैधव्यकालमा चाहिँ खास गरी छाँटा चलेका बखतकी दुर्मुखा, विद्वेषिणी र प्रतिस्पर्धिनी जस्ती लाग्ने नारी र जीवनीकार नरेन्द्रकी भने प्रिय कान्छी आमा अनि लक्ष्मीप्रसाद प्रसाई र चन्द्रावती, गौरी र रामकुमारीकी आमा; काठमाडौँमा छोरा लक्ष्मीप्रसादसँग केही वर्ष रही २०६३ सालमा दिवङ्गता नारी (परिच्छेद ५);

५.क. नरेन्द्रराज प्रसाई र उनका दाजुभाइ, दिदीबहिनी एवं पत्नी तथा भाउजूहरू र बुहारी सन्तान : क. पूर्वोक्त जयप्रसाद प्रसाई र उनका पत्नीका दुई गुँड (भागीरथा र दिव्यरूपा) तर्फका छोराहरू र छोरी (अ) विष्णुभक्त प्रसाई (जेठा : झापा शनिश्चरे सालबारीको जग्गा अंशभाग पाएका, किसान), (आ) पद्मराज प्रसाई (एघार वर्षमै दिवङ्गत), (इ) दीर्घराज प्रसाई (साहिँला; एम्.ए.,

विद्वान् लेखक; दुई पटक राष्ट्रिय पञ्चायत सदस्य), (ई) भरतराज प्रसाई (काहिँला : झापा विर्तामोडमा आफैँ घरद्वार जोडेका र पछि काठमाडौँमा बसाइँ सरेका), (उ) नरेन्द्रराज प्रसाई (अन्तरे : प्रस्तुत जीवनीका लेखक) र (ऊ) गङ्गाराज प्रसाई (कान्छा; झापा, शनिश्चरे, सालबारीका जग्गामा अंशभाग पाएका, किसान) अनि (ऋ) लक्ष्मीप्रसाद प्रसाई (शिक्षक, राजनीतिक कार्यकर्ता, नरेन्द्रराज प्रसाईकी सौताने कान्छी आमा दिव्यरूपाका छोरा) र (ए) नीरा सिटौला (दुई गुँडका छोरीहरूमध्ये भागीरथा प्रसाईकी जेठा छोरा विष्णुभक्तपछिकी छोरी; बिहे अघि र पछि पनि माइतीको सक्दो उद्धार गर्ने चेली); यस मातृजीवनीकृतिका रचनाकार र कथयिता मुख्य पात्र अन्तरे छोरा नरेन्द्रराज प्रसाईका अनुभववृत्तमा आधारित दृष्टिबिन्दुबाट प्रस्तुत भएअनुरूप आआफ्ना व्यक्तिचरित्रका वैशिष्टच भएका यी छोराछोरीहरूमध्ये मातृभक्तिपूर्ण सेवासुश्रुषाका मानप्रतिमानमा नरेन्द्र र गङ्गाराज प्रसाईका बीचको भिन्न चारित्रिक ध्रुवप्रतिध्रुव भन्न सकिने सन्दर्भ विशेष उल्लेख्य छ; (परिच्छेद ३, ५, ६, ८, ११);

ख. पारिवारिक, जातीय र सामाजिक विद्रोही प्रवृत्तिसमेत रहेका नरेन्द्रराज प्रसाईकी अन्तर्जातीय प्रेमविवाह भई केही वर्षपछि सम्बन्धविच्छेद पनि भएकी प्रथम पत्नी (उषा) को सङ्क्षिप्त सन्दर्भ (परिच्छेद ३);

ग. विवाहसन्दर्भमा पारिवारिक र सामाजिक तथा धार्मिक विद्रोही प्रवृत्तिसमेत भएका नरेन्द्रराज प्रसाईकी वर्तमान पत्नी इन्दिरा प्रसाई (आफ्नै अतीत जीवनसँगकी विद्रोहिणी); नरेन्द्रको उत्तरवयको जीवनकी पुरोधिका; नइ (नरेन्द्र इन्दिरा), नइ प्रकाशन, नइ पुरस्कार, नइगृह आदिकी 'न' (नरेन्द्र) सँग अद्वैत अन्तर्योग भएकी जीवनसँगिनी 'इ' (इन्दिरा); मुख्यत: जीवनको उत्तर वार्धक्य वयकी बहुरोगार्त सासू भागीरथा प्रसाईप्रतिको स्नेहश्रद्धापूर्ण अटल मातृवत् सेवाटहल र वर्षौंसम्म सुसार गर्ने र ती सासूद्वारा 'मेरी

आमा' समेत भनिएकी परम सेवा-परायणा विशिष्ट बुहारी व्यक्तित्व; 'मेरी सासू' (प्रकाशन २०६५) की संस्मरणलेखिका; नेपाली साहित्यकी आख्यान (तथा कविता) फाँटकी स्थापित वरिष्ठ नारीस्रष्टा (परिच्छेद ७, ८, ९, ११)

घ. भागीरथा प्रसाईका अरू बुहारीहरू : अ. जेठी बुहारी (दोस्री) भागीरथा (सुवेदी कुलकी ठूलीकान्छी सुपुत्री : सासू भागीरथा प्रसाईद्वारा परिवार मिलाउने भनी गुण गाइएकी); आ. साहिँली बुहारी सानुबाबा (ढकाल पुत्री : सासू र अरू जेठाजुदेवरका परिवारप्रति अपेक्षाकृत निरपेक्ष भनिएकी); इ. काहिँली बुहारी रूपा (शिवाकोटी कुलकी छोरी : सासू भागीरथा प्रसाईका आकलनमा सबैको जय चिताउने असल बुहारी); ई. कान्छी बुहारी रामकुमारी (खरेल पुत्री : बुढेसकालमा सासू भागीरथाको अंशभाग जग्गा आदि हात लगाएकी); तथा उ. महेश्वरा प्रसाई (भागीरथा प्रसाईकी कान्छी देउरानी तथा नरेन्द्रराज प्रसाईलाई सुरु स्तनपान गराउने काकी);

ङ. नरेन्द्रराज प्रसाईका छोरा डा.कञ्चनजङ्घा प्रसाई : जीवविज्ञानतर्फका विद्यावारिधि र प्राध्यापनकर्मी (संयुक्तराज्य अमेरिकाको लुइजियाना राज्य विश्वविद्यालयमा कार्यरत वैज्ञानिक); विशेषत: हजुरआमा भागीरथाप्रति उच्च सेवाभाव तथा अटल स्नेह, श्रद्धा र भक्ति भएका एक श्रद्धावान् नाति (परिच्छेद ९, १०, ११);

६. बहुरोगार्त र अत्यादरणीय वयकी भागीरथा प्रसाईप्रति विशेष स्नेहश्रद्धावान् रही उनको उपचार गर्ने वरिष्ठ चिकित्सकहरू (परिच्छेद ८, ११)

क. डा. वसन्त पन्त : विख्यात स्नायु शल्यचिकित्सक; ख. प्रा.डा.मथुरा केसी (नियमित वरिष्ठ चिकित्सक, साहित्यकार); ग. डा. कपिल उपाध्याय : वरिष्ठ स्नायु विशेषज्ञ । घ. प्रा.डा.रामप्रसाद उप्रेती : वरिष्ठ चिकित्सक; जीवनीकार नरेन्द्रराज

प्रसाईका मामली भाइ; नेपाली साहित्यका निबन्धलगायत विधाका बहुमुखी वरिष्ठ साधक स्रष्टा; ङ. डा.वीरेन्द्र ऋपाली;

७. बहुरोगार्त भागीरथा प्रसाईका चिकित्साचर्याका काममा विशेष खट्ने स्वजनमध्येका वा स्वजनवत् थप व्यक्तिहरू (परिच्छेद ८, ११)

क. छोरी निकेतिका (गायिका) र अनुकृतिका (साहित्यकार) : सिकिस्त बिरामी हजुरआमा भागीरथा प्रसाईका सेवासुश्रुषामा दत्तचित्त भई खट्ने दुई नातिनी; (परिच्छेद ८, ११); ख. डा.केशर प्रसाई तथा इ.सन्देश प्रसाई : नरेन्द्रराज प्रसाईका दाजुहरूका छोरा; ग. अर्जुन सिटौला : जीवनीकार नरेन्द्रराज प्रसाईका भान्जा; सिकिस्त बिरामी हजुरआमा भागीरथा प्रसाईका सेवासुश्रुषामा दत्तचित्त भई खट्ने व्यक्ति; ग. कल्पना : नरेन्द्रराज प्रसाईकी साली; घ. माधव नेपाल : भागीरथा प्रसाईका सेवासुश्रुषामा खट्ने व्यक्ति; ङ. सुमी चौधरी : बिरामी भागीरथा प्रसाईका सेवामा छ वर्ष अटल रही दत्तचित्त भई खट्ने र उनको मरणपछि पनि चोखी रही उनलाई आमातुल्य ठानी श्रद्धापूर्वक जूठो बार्ने एक सेवापरायण थारू महिला (परिच्छेद ११);

८. जीवनीकृतिमा अङ्कित अरू व्यक्ति :

क. रङ्गलाल आचार्य : जयप्रसाद प्रसाई (जिजुघर) का मूल पुरेत; (परिच्छेद २); ख. पुष्पलाल आचार्य र उनका छोरा गोविन्द र महेश्वर : जयप्रसाद प्रसाईसमेतबाट आफ्ना घरबारीपरिसरमा स्थापित सानो पशुपतिनाथ मन्दिरका आकारको शिवालयका पुजारी (परिच्छेद २); ग. भवानी सुवेदी : ताप्लेजुङ हाङपाङका एक तेह्रथुमे अङ्ग्रेजी शिक्षक : केटी फकाई बेपत्ता भएका (परिच्छेद ४); घ. चित्रकार इन्द्र खत्री : भागीरथा प्रसाईका एघार वर्षमै दिवङ्गत र फोटोसम्म पनि नभएका माहिला छोरा र जीवनीकार

नरेन्द्रराज प्रसाईका माहिला दाजु पद्मराज प्रसाईका कलात्मक चित्रका निर्माता प्रसिद्ध कलाकार (परिच्छेद ६); ङ. दिलबहादुर विष्ट र वीरमान भुजेल : भागीरथा प्रसाई माटोखानीमा दुर्घटना हुँदा उद्धारक तथा सहयोगी; च. विचारी पुण्यप्रसाद कोइराला : झापा सालबारीका भागीरथा प्रसाईका जग्गाको एक ठूलो कित्ता नक्कली मोही बनी त्यहाँ दस हल गोरु नारी हडप्न खोज्ने तर हातमा खुकुरी लिई रणचण्डी भई एक्लै भागीरथाले हकार्दा र हुङ्कार्दा डराई हलीहरूसहित भागी दब्न पुगेको एक गाउँले जाली, फटाहा रकमी व्यक्ति (परिच्छेद ७); छ. अरुणा लामा : सुप्रसिद्ध वरिष्ठ गायिका : नरेन्द्रराज प्रसाईकी आमालाई आदर गर्ने नारी (परिच्छेद ७); ज. डा.तारानाथ शर्मा : सुप्रसिद्ध वरिष्ठ साहित्यकार; नरेन्द्रराज प्रसाईका अति घनिष्ठ व्यक्ति (परिच्छेद ७); झ. डा.रामप्रसाद पोखरेल : सुप्रसिद्ध वरिष्ठ नेत्रविशेषज्ञ, नरेन्द्रराज प्रसाईका घनिष्ठ व्यक्ति (परिच्छेद ७); ञ. जनरल भूपालमानसिंह कार्की तथा श्रीमती भूमा कार्की : नरेन्द्रराज प्रसाईलाई औधी माया गर्ने अभिभावक दम्पती (परिच्छेद ७); ट. भद्रकुमारी घले : पूर्वराज्यमन्त्री, भागीरथा प्रसाईलाई औधी स्नेह र सम्मान गर्ने सुप्रसिद्ध साहित्यकार तथा चित्रकार (परिच्छेद ८); ठ. कोइलीदेवी : सुप्रसिद्ध वरिष्ठ गायिका, जीवनको उत्तरार्धमा नरेन्द्रराज प्रसाईलाई विश्वास र स्नेह गर्ने नारी, रेडियो नेपालकी प्रथम गायिका (परिच्छेद ८); ड. वीरेन्द्रबहादुर शाह (लवराजा) : तत्कालीन राजसभाका सचिव; नरेन्द्रराज प्रसाईका अति घनिष्ठ व्यक्ति (परिच्छेद ८); ढ. लोकमानसिंह कार्की (सरकारका पूर्व मुख्यसचिव र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त) र श्रीमती सुनीता कार्की (कवयित्री); नइप्रति अभिभावकीय स्नेह राख्ने र अशक्त बिरामी भागीरथा प्रसाईप्रति श्रद्धासद्भाव राख्ने हितैषी दम्पती (परिच्छेद ११); ण. डा.देवीप्रसाद खनाल : पण्डित तथा ज्योतिषी एवं भागीरथा प्रसाईको मृत्युको तिथि, घडी, पला

आदि गनी उनी मुक्त भइसकेकाले गरुडपुराण नलगाए पनि हुने भन्ने धार्मिक निर्णय दिने व्यक्ति (परिच्छेद ११); त. प्रा.डा.भीष्मराज प्रसाई : त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन संस्थानका डीन, शिक्षण अस्पतालका संस्थापक निर्देशक (कवि) र सुभद्रा प्रसाई (कवयित्री); नरेन्द्रराज प्रसाईका ठूला बुबाका छोरा बुहारी (दाजु, भाउजू); थ. शिवप्रसाद शिवाकोटी र रामनाथ दाहाल : झापा आन्दोलनका अगुवा र नरेन्द्रराज प्रसाईका सानिमा, ठूलीमाका छोरा (दाजु पर्ने); नरेन्द्रका राजनैतिक गुरु; द. खनूप्रुदे 'रामबाबू' : सुप्रसिद्ध राजनीतिज्ञ; नेपाली काङ्ग्रेसका केन्द्रीय कोषाध्यक्ष; नइ प्रकाशनको अक्षयकोषका लागि पचासी लाख रुपियाँ प्रदान गर्ने र त्रिमूर्ति निकेतनको निर्माणमा समेत आर्थिक सहयोग गर्ने दानवीर; नरेन्द्रराज प्रसाईका ठूला बुबाका छोरा (दाजु); ध. नन्दकुमार प्रसाई : वरिष्ठ वामपन्थी नेता; नरेन्द्रराज प्रसाईका दाजुसरहका दाजु तथा नरेन्द्रका राजनीतिक गुरु; न. मोदनाथ प्रश्रित : सुप्रसिद्ध वरिष्ठ वामपन्थी नेता; सुप्रसिद्ध नेपाली साहित्यकार; नइ दम्पतीका हितैषी; प. तेजबहादुर प्रसाई : पूर्व राजनीतिज्ञ; तत्कालीन सरकारका सचिव; नरेन्द्रराज प्रसाईका ठूला बुबाका छोरा (दाजु) (साहित्यकार); फ. मदनदास श्रेष्ठ : वरिष्ठ अभिनेता, सुप्रसिद्ध कलाकार, नाटचभूषण; नइ प्रकाशनका संस्थापक सदस्य; ब. भीष्म प्रसाई : नरेन्द्रराज प्रसाईका अति घनिष्ठ भतिज (पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक); भ. घटराज भट्टराई : नरेन्द्रराज प्रसाईका विविध साहित्यिक संस्थागत सहकर्मी तथा वरिष्ठ नेपाली साहित्यकार; म. जयप्रसाद यूके : भागीरथा प्रसाईका कान्छा भाइ खगेश्वर उप्रेतीका जेठा छोरा वा भदा (नरेन्द्रराज प्रसाईका मामली दाइ), झापा आन्दोलनका प्रखर व्यक्ति तथा राजनैतिक चिन्तक; य. कीर्तिनिधि विष्ट : देशभक्त राजनेता तथा पूर्वप्रधानमन्त्री; नइ प्रकाशनको अक्षयकोषमा तीस लाख रुपियाँ प्रदान गर्ने उदार दाता ।

नरेन्द्रकृत मातृजीवनीकृति 'मेरी आमा भागीरथा प्रसाई' का उपर्युक्तमध्येका मुख्य कतिपय जीवनीगत पात्रका अन्तर्बाह्य चरित्र तथा परिवेश एवं वृत्तिप्रवृत्तिका आधारभूत थप प्रकाश पार्ने परिप्रेक्ष्यमा उपर्युक्त कृतिगत विभिन्न परिच्छेदबाट उद्धृत वा पुनरुद्धृत गरी पाठकीय या भावकीय विशेष आस्वादन र अन्तर्मनन एवं विशेष आकलनका निम्ति चयन गरिएका मर्मस्पर्शी केही गद्यांश यहाँ नमुना साक्ष्य अंशका रूपमा तल प्रस्तुत छन्–

**कृतिगत परिच्छेद १ बाट पुनरुद्धृत (गणेशबहादुर प्रसाईकृत), विशिष्ट गद्यांश**

'भागीरथा प्रसाईका नौ दशक लामो जीवनको कथाव्यथालाई मनन गर्दा राणाकालीन नेपालको खस बाहुन समाजका आमाबाबुले 'सके घर खा, नसके नदीमा डुबेर मर्' भनी बालखैमा घर पठाइने छोरीको प्रतिनिधित्व हाम्री आमा भागीरथा प्रसाईले गरेको देख्न पाइन्छ तापनि जीवनका सबै प्रकारका हाँकलाई स्वीकार गर्दै, झेल्दै अगि बढ्दा कहीँ पनि कस्तै आपत् आइपर्दा पनि यी नायिका (अथवा भागीरथा प्रसाई) कात्रिएकी फेला पर्दिनन् । सिंहिनीले जस्तै उनले पनि एक्लै जीवनभर आफ्नो परिवारको दायित्व निर्वाह गरेकी देखिन्छिन् । त्यो कार्य सम्पन्न गर्दा पनि आफ्नो परिवारका सदस्यमध्ये को कृतज्ञ रह्यो र को कृतघ्न रह्यो भन्ने कुरापट्टि उनी अलमलिएकी छँदै छैनन् । जीवनलाई जीवनकै रूपमा ग्रहण गर्ने उनको बृहत् चाहनाले गर्दा उनीप्रति हाम्रा मनमा श्रद्धाभाव उत्पन्न हुन्छ । हाम्रा पौरस्त्य नारीको महिमा भन्नु पनि त्यही हो ।'

**कृतिगत परिच्छेद २ बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश**

'बुबाहरू षडानन्द, मानबहादुर र जयप्रसाद अर्थात् युधिष्ठिर, भीम र अर्जुन ताप्लेजुङको हाङपाङबाट हिँडेर काठमाडौँ आएका थिए । उनीहरू काठमाडौँबाट घर फर्केपछि मेरा बुबाले मेरी आमालाई पशुपतिनाथको महिमा, गरिमा र महत्ताको बेलिविस्तार

लगाएका थिए । अनि त्यसै वर्ष अर्थात् १९९५ साल कृष्ण अष्टमीमा हाम्रा बुबाआमाको जेठो छोरा विष्णुभक्त प्रसाईको जन्म भयो । अति खुसी भएर मेरा बुबाले मेरी आमालाई सोधे– 'तिमीले छोरो पाएको उपलक्ष्यमा म तिमीलाई के बक्सिस दिऊँ ?' मेरी आमाले पनि आफ्ना पतिसँग पशुपतिनाथकैँ सानो मन्दिर आफ्नै घरपरिसरमा थापिमागिन् । मेरी आमाको इच्छालाई साकार पार्न युधिष्ठिर, भीम र अर्जुन लागिपरे । जसअनुरूप उनीहरूले हाम्रा घरपूर्व चार ढोका भएको शिवालयको स्थापना गरेका थिए । अनि त्यो जग्गा हाम्रै बारी थियो ।'

## कृतिगत परिच्छेद ३ बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश

'मेरा बुबा धनी हुनाका साथै धेरै कुराको सौखिन थिए । मेरा बुबा घोडा फेरीफेरी चढ्थे । त्यस बेला हाम्रा घरमा मेरा बुबाका चारवटा घोडा थिए । त्यसै बेला मेरा बुबाले काशीबाट हार्मोनियम, ग्रामोफोन, मइन्टोल अथवा भनौँ पेट्रोमेक्स आदि आफ्नो घरमा ल्याएका थिए । त्यतिखेर त्यस्ता मालसामान प्रायः अरू कसैका घरमा पनि हुँदैन थिए । साथै मेरा बुबाले आफूसँग भएका मालसामानहरू आवश्यकताबमोजिम अरूलाई पनि काम चलाउन दिने गर्थे । भनौँ गाउँमा पुराण, बिहेबारी र अन्य कुनै सांस्कृतिक कार्य हुँदा मेरा बुबाले हार्मोनियम, ग्रामोफोन, मइन्टोल आफूसँग जेजे छ त्यहीत्यही दिने गर्थे । मेरा ठूल्दाजु विष्णुभक्त प्रसाईका अनुसार हाङपाङमा पहिलोपल्ट मइन्टोल पुग्दा त्यस ठाउँका वरिपरिका गाउँलेहरू मइन्टोल बलेको हेर्न हाम्रा घरमा आउँथे ।'

'मेरा बुबाको स्वर्गारोहण भएपछि हामी तलतल र निकै तलै पुग्यौँ । हाम्रो आर्थिक हैसियत पनि दिनदिनै ओरालो लाग्दै थियो । मेरा बुबाआमाका छ जना छोरा र एउटी छोरी जन्मेका थिए । मेरा

दाजुभाइ र दिदीले आआफ्नै इलम समाए र आआफ्नै तरिकाले खुट्टा टेक्न सिकेका थिए ।'

'मेरो प्रथम विवाह भत्केर गयो । भनौँ हामी पतिपत्नीबीच रुचि मिल्न छोड्यो, कुरा मिल्न छोड्यो र व्यवहार पनि मिल्न छोड्यो । एउटै छातामुनि हुँदा पनि खानापिना र सुत्न, बस्नबाट हामी टाढा हुन थाल्यौँ । हामीमाझको आचरणमा धेरै बेमेल हुन थाल्यो । त्यसैले हामीले आआफ्नो बाटो फेर्नेबारे विमर्श गर्न थाल्यौँ ।'

'इन्दिरा प्रसाई मेरो जीवनमा प्रवेश भएपछि मभित्र थप रौनक थपियो । हामी दुवै साहित्यकारसमेत भएका नाताले हामीले आआफ्ना नाउँको अघिल्लो अक्षर जोडेर 'नइ प्रकाशन' को स्थापना गर्‍यौँ ।'

उपर्युक्त 'मेरी आमा भागीरथा प्रसाई' नामक नरेन्द्रीय मातृजीवनीकृतिगत परिच्छेद १, २ र ३ बाट उद्धृत नमुना उद्धरणस्वरूप छवटा गद्यांशहरूले जीवनीकार नरेन्द्रका बाबुआमा तथा ठूला बुबाहरूका स्थानीय ग्रामीण पारिवारिक र सामाजिक हैसियत तथा स्वभाव, अभिरुचि धार्मिक, सांस्कृतिक र अरू परोपकारी आदि कार्यका साथै स्वयम् नरेन्द्रका व्यक्तिगत जीवनका विवाह र दाम्पत्यजस्ता घटनाबारे उल्लेख्य सङ्केत गरेको र आमा पात्र भागीरथा प्रसाईको जीवनको यात्राको लामो सारभूत महिमातर्फ पनि औँल्याएको पाइन्छ ।

**कृतिगत परिच्छेद ४ बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश**

'त्यस बेला स्कुल पढ्ने परिपाटी नै थिएन । त्यसैले स्कुल खोले पनि बालबच्चा पढ्न आउन मान्दैनथे । त्यसपछि मेरी आमाले बालबच्चा भेला पार्ने जुक्ति फिकिन् । कुरा के हो भने– मेरी आमाले धनीका छोरालाई गुलियो खुवाएर र गरिबका छोरालाई खानापिनाको समेत प्रबन्ध गरेर स्कुल आउन पल्काएकी थिइन् ।'

'मेरी आमा सारै जाँगरिली थिइन् । उनी एकैछिन पनि हात बाँधेर बस्तैन थिइन् । साथै अनावश्यक रूपमा गफिएर बस्नेलाई पनि उनी मन पराउँदैन थिइन् । उनी हरेक प्रकारका सीपले सजिएकी थिइन् ।'

'चाहे ताप्लेजुङमा होस् र चाहे झापामा होस् उनले आफ्नो घरमा लोभलाग्दो बरबगैँचा बनाएकी थिइन् । झापाको हाम्रो खेतमध्ये झन्डै एक बिघा खेतमा चाहिँ बरबगैँचा फैलिएको थियो । उनले त्यही बरबगैँचाबाट स्कुलेविद्यार्थी र माग्न आउनेको झोला गहुङ्गो पार्ने काम गर्थिन् । वास्तवमा कसैलाई केही दिन पाउँदा उनी धेरै खुसी हुन्थिन् । यसबारे उनी भन्ने गर्थिन्– 'आशामुखीहरूलाई निराश पार्नु हुँदैन, खुसी पार्नुपर्छ ।'

'मेरी आमाले ताप्लेजुङको हाङपाङमा जीवनका निकै महत्त्वपूर्ण समय भुक्तान गरिन् । सुरुसुरुमा सुक्ख पाए तापनि पछिपछि त्यस ठाउँमा उनले रोएर नै समय बिताउनुपरेको थियो । त्यस घडी उनले धेरै नै पीडादायी जीवन भुक्तान गरेकी थिइन् । एउटी अत्यन्तै सम्पन्न परिवारमा रहेकी नायिकाको जीवनमाथि अनायासै बिर्सिनसक्नुको पहिरो गएको थियो ।'

'त्यस बेलाको सामाजिक मान्यता अति दयनीय, क्रूर र दानवीय नै थियो । छोरीचेलीलाई कन्यादान गरेपछि उनीहरूप्रति अधिकांश माइतीले तिलको दानाजति पनि दायित्व लिँदैन थिए । मेरी आमाका हकमा पनि त्यस्तै परिवेश जोडिएको थियो । माइतबाट मैतालु पठाइँदा 'कि घर गरेर खानू, नसके तमोरमा हामफालेर मर्नू' भन्ने लोकोक्तिले मेरी आमाको मुटुमा सुइरो हानेको थियो । त्यसैले आफ्ना पतिको निधनपछि उनी आर्थिक दृष्टिले तलतल र तल झर्दै जाँदा पनि उनले सङ्घर्ष नै गरिरहिन् । तर जति दुक्ख पाए पनि उनले माइती कहिल्यै गुहारिनन् । त्यतिखेर मेरी आमाले कति दुक्ख पाएकी थिइन् भने अति दुक्ख पाएकी थिइन् । राजनीतिज्ञ खनूपरुदे

रामबाबू प्रसाईले लेखेअनुसार मेरी आमाले 'सुनसरिको सुक्ख र पितलसरिको दुक्ख पाइन् ।' तर पनि मेरी आमा जीवनसँगको सम्झौताको पूर्ण निष्ठामा बाँधिएकी थिइन् ।'

उपर्युक्त 'मेरी आमा भागीरथा प्रसाई' नाउँको नरेन्द्रीय मातृजीवनीकृतिका परिच्छेद ४ बाट लिइएका पाँच वटा गद्यांशले नरेन्द्रको आफ्नी पहिली पत्नी र वर्तमान पत्नीसँगको समानान्तर दाम्पत्यसार, नरेन्द्रकी आमा भागीरथाको अतुल शिक्षाप्रेम तथा बहुमुखी कर्मठता अनि सीप एवं दानशीलता र कतिपय विशेषता उनका आफन्तप्रतिको स्नेहभाव र सद्भाव तथा माइतीबाट बिहे भएकी चेलीलाई घर खानै पर्छ भनी दिइने दबाब र ताप्लेजुङ हाङपाङका कर्मघरमा एकतिस वर्षका बीच जिएको सुखदु:ख मिश्रित जीवन र वैधव्यपछि खप्नुपरेको चरम अभाव एवं कष्ट यातना आदि प्रसङ्गतर्फ सघन सङ्केत गरेको पाइन्छ ।

### कृतिगत परिच्छेद ५ बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश

'मेरी आमाले हामीलाई जहिलेसुकै पनि भन्थिन्– 'तिमीहरूका बुबाका हामी दुई बराबरी थियौं; तिमीहरूले उसलाई हेला नगर्नू ।' अनि त्यहीमुताबिक हाम्री सौतेनी आमाप्रति पनि हाम्रो थप सम्मान जागृत भएको थियो । उनी शब्दमा मात्र हाम्री सौतेनी आमा थिइन् । हाम्रा वचन र कर्ममा उनी हाम्री आमा नै थिइन् ।'

'पछिल्ला दिनहरूमा मेरी सौतेनी आमाले प्राय: मेरी आमालाई सराप्ने पनि गर्थिन् । रिसाएका बेला उनी हातमा खरानी राखेर फुफु गर्दै भन्थिन्– 'तँ र तेरा सन्तान खरानी उडेजस्तै गरेर यसरी नै उडेको म हेर्न पाऊँ । तँ र तेरा सन्तानलाई रूढी लागिहालोस् ।' त्यस प्रकारका संवाद सुनेपछि मेरी आमाले पनि उनीमाथि आफ्नो तीतो पोख्ने गर्थिन् । तर पनि म अघि सरेर दुवै जनाको हिसाबकिताप मिलाइदिन्थेँ । त्यसैले पनि सौतेनी आमाले मलाई धूमधामै माया गर्थिन् ।'

**कृतिगत परिच्छेद ६ बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश :**

'त्यतिखेर फोटो हेर्नेबित्तिकै मेरी आमा 'मेरो माहिलो' भन्दै रुन थालेकी थिइन् । त्यस बेला मेरी आमाले मलाई रुँदै सोधेकी थिइन्– 'यतिका वर्षसम्म तैँले यो फोटो मलाई किन देखाइनस्, छोरा !' त्यस क्षण मेरै साथमा भएका इन्द्र भाइले आफ्नो चित्रकारिताको सफलताको रौनक र मुस्कानमिश्रित भावले मसँग आँखा जुधाएका थिए ।'

उपर्युक्त 'मेरी आमा भागीरथा प्रसाई' नाउँको नरेन्द्रीय मातृजीवनीकृतिका परिच्छेद ५ र ६ का तीन गद्यांशद्वारा भागीरथा प्रसाईकी आफ्नी सौता दिव्यरूपाप्रतिको पूर्वव्यवहार स्नेहपूर्ण र अभिभावकीय नै रहे पनि पतिको मृत्युपछि चाहिँ ती सौता दिव्यरूपाको वैधव्यकालीन छाँटा चल्दा उनको अन्तर्दमित सौताने तीव्र विद्वेष व्यक्तिने गरेको र त्यसलाई नरेन्द्रराज प्रसाईले मिलाइदिने गरेको अनि दिवङ्गत पद्मराज प्रसाईका चित्ररचनाका चित्रकारीको सादृश्यशक्तिबाट खुद आमा र चित्रकार इन्द्र खत्री दुवै विस्मित भएको र झापा शनिश्चरे सालबारीका जग्गाका अतिक्रामक छिमेकी पनि भागीरथाका रणचण्डी रूपबाट कायल भएको प्रसङ्गतर्फ सङ्केत गरिएको छ ।

## कृतिगत परिच्छेद ७ र ८ बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश

'हाम्रो खेत अनायासै जोत्न थालिएको दृश्यले हामीलाई छक्कै पारेको थियो । अनि मेरी आमाले घरमा गएर नाङ्गो खुकुरी बोकेर ल्याइन् । त्यतिखेर विचारी कोइराला र दस हल गोरु जोत्नेलाई नाङ्गो खुकुरी देखाउँदै मेरी आमा बोलेकी थिइन्– 'हेरौँ त मेरो खेत कसले जोत्दो रहेछ !' मेरी आमाको काली रूप देखेर कोइराला पनि भागे र गोरु नार्ने हलीहरूले पनि चम्पट ठोके । त्यसपछि त्यहाँ त्यस किसिमको घटना कहिले पनि घटेन । त्यस घटनापछि स्थानीयहरूले हामीलाई चिन्न पनि थाले । स्थानीयहरूले 'हाङपाङे आमै कति मापाकी' भनेर मेरी आमाको बयान गर्न पनि थाले ।' (परिच्छेद ७)

'मेरी आमा सारै मिहिनेती थिइन् । उनी हात बाँधेर बसेको प्राय: मैले देखिनँ भने पनि हुन्छ । हाङपाङमा बसिन्जेल पनि मेरी आमा मरिमेटेर काम गर्थिन् र सालबारीको माटोमा पनि उनको अत्यन्तै परिश्रम रोपिएको थियो । उनी हरसमय काम, काम र काममा मात्रै समर्पित थिइन् । कतिसम्म भने उनी हरदिन बिहान चार बजे उठ्थिन् र साँझसम्म काममा नै केन्द्रित हुन्थिन् । वास्तवमा उनका लागि सालबारी आफ्नो जीवनको सर्वोच्च प्रिय ठाउँ हुन थालेको पनि थियो । पछिल्ला दिनहरूमा उनलाई सालबारी छाडेर कतै जान पनि मन लाग्दैन थियो ।' (परिच्छेद ७)

'साथै मैले पैत्रिक सम्पत्ति लिन चाहिनँ । मैले आफ्नो पैतृक सम्पत्तिका नाउँमा एक लाल सुनचाँदी, एक पैसा र एक भित्ता जग्गा पनि लिइनँ ।' (परिच्छेद ७)

'पैत्रिक सम्पत्तिमा रजाइँ गर्नेहरूलाई मेरी आमाबारे कुनै पनि प्रकारको पर्वाह, चासो र वास्तै थिएन । आमाले कस्तो खान्छिन् र कस्ता लगाउँछिन् भन्नेसमेत उनीहरूलाई ज्ञान थिएन ।' (परिच्छेद ७)

'त्यतिखेर आमाले लगाएका चप्पलमा लोती पनि कस्ता रङका थिए भने– एउटा चप्पलमा पहेँलो र अर्को चप्पलमा नीलो रङको लोती थियो ।' (परिच्छेद ७)

'त्यसै बेला मेरी आमाले बूढी औँला थिच्ने बेलामा मालका कारिन्दाले मेरा भाइबुहारीकै सामुन्ने आमालाई भनेका थिए रे– 'ए आमोई छोरालाई सम्पत्ति त बुझाउनु भयो, तर छोराले पाटीको बास त पार्दैनन् ?' ती शब्दले मेरी आमाका मनमा चिसोचाहिँ पसेको थियो रे ।' (परिच्छेद ७)

'मेरी आमाका स्वास्थ्यमा सुधार आएको दिन अथवा भनौँ होस खुलेका बेला आमाका मुखबाट अप्रत्यासित रूपमा वाणी खुस्केको थियो– 'म अब कहिले झापा जाने ?' अनि केही दिनपछि उनले आफ्नो पूर्वकथा सबै सँगाल्न थालिसकेकी थिइन् । त्यसैले

पेट निचोरेर भए पनि उनी भन्ने गर्थिन्– 'अब म कहिले पनि झापा जान्न । त्यस नर्कमा मलाई डुब्नु छैन । मेरा छोराबुहारीले मलाई पटकपटक बिल्लिबाठ पारिसकेका छन् । अब त उनीहरूले मलाई जिउँदैमा खोलामा लगेर फाल्न मात्र बाँकी छ ।' (परिच्छेद ८)

उपर्युक्त नरेन्द्रीय मातृजीवनीकृतिका परिच्छेद ७ र ८ का सात गद्यांशमा भागीरथा प्रसाईका प्रचुर कर्मठता र कर्मनिष्ठाका साथै खास गरी आफूले जोडेको र श्रमसीपले सिचेको झापा शनिश्चरे सालबारीको माटोप्रतिको अपार ममता, नरेन्द्रराज प्रसाईको पैतृकमातृक आर्जनप्रतिको नितान्त निस्पृहभाव अनि आमाका भागको माटोसमेत खोस्नेहरूलाई मालपोत कर्मचारीले सचेत गराएको तर आमाको भागको सम्पत्ति झुक्क्याई हात पार्नेहरूले अति वृद्ध रोगी आमाप्रति गरेको पूर्ण बेवास्ता र झापाको आफ्नो माटोप्रति अवचेतन मोह रहिरहे पनि त्यहाँको नरकमा पुन: नफर्कने आमाको सचेत अठोट आदि प्रसङ्गतर्फ विशेष इङ्गित गरिएको पाइन्छ ।

**कृतिगत परिच्छेद ९ बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश**

'मेरी आमाले घरीघरी भन्ने गर्थिन्– 'इन्दिरा मेरी बुहारी होइन, आमा हो ।'

'मेरी दिदी नीरा सिटौला प्राय: हामी नइलाई भन्ने गर्थिन्– 'यदि आज तिमीहरू पनि नभएको भए आमाको के हाल हुने थियो होला ? तिमीहरू नभए बुढेसकालमा त आमाको पाटीमै बास हुने रहेछ ! आमाको अहिलेको अवस्था सम्झँदा पनि कहाली लागेर आउँछ । आमासँगै आमाकै गर्भमा पहिरोमा किचिएर पनि जन्मेको मेरो भाइले आमाको सेवा गर्नुपर्ने रहेछ । इन्दिरा मेरी आमाकी देवी हुन् ।'

'वास्तवमा आमाप्रति इन्दिराको जति विशाल भक्तिभाव थियो, इन्दिराप्रति पनि आमाबाट त्यति नै आशीर्वादको बाढी बर्सिरहने गर्थ्यो ।'

'मलाई सबैले हेला गर्दा पनि इन्दिराले मेरो रक्षा गरिन् । उनी मेरी बुहारी मात्र होइनन्, मेरी आमा पनि हुन् ।'

उपर्युक्त नरेन्द्रीय मातृजीवनीकृतिका परिच्छेद ९ का चारवटा गद्यांशले असी वर्षको बहुरोगार्त चरम वृद्धकालका असहाय एक्लोपनमा आमा भागीरथा प्रसाईप्रतिको छोरा नरेन्द्रको र पछिल्ली अन्तरे बुहारी इन्दिराको झन्डै तेह्र वर्षजतिको निरन्तरको उपचार र अथक सेवासुसारका साथै त्यसप्रति स्वयम् आमा र उनकी छोरी र नरेन्द्रकी दिदी नीरा सिटौला (अनि स्वयम् नरेन्द्रबाट) समेतबाट व्यक्त भएको सन्तुष्टि र प्रशंसाका भावतर्फ सङ्केत गरिएको छ ।

**कृतिगत परिच्छेद १० बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश**

'मेरी आमाउपर आमा बाँचुन्जेलसम्म मात्र कञ्चनजङ्घा समर्पित थिएन । मेरी आमा स्वर्गीय भएपछि पनि उसले आमाप्रति बराबर आफ्नो निष्ठा देखाइरह्यो । उसले पनि मझैं आमाको नित्य पूजा गर्दै आएको छ र जल चढाएर मात्र अन्न खाने गरेको छ ।'

उपर्युक्त नरेन्द्रीय मातृजीवनीकृतिका परिच्छेद १० का गद्यांशबाट हजुरआमा भागीरथा प्रसाईप्रति उनकै एक नाति कञ्चनजङ्घाको हजुरआमा बाँचुन्जेल र मरेपछिको पनि स्नेहश्रद्धापूर्ण एवं उच्च भक्तियुक्त र सम्मानपूर्ण व्यवहारतर्फ औंल्याएको छ ।

**कृतिगत परिच्छेद ११ बाट उद्धृत विशेष मर्मस्पर्शी गद्यांश**

'आमाको सबै जेथो खाएर पनि तँ अझै अघाएको छैनस् ? आमाको सुन दिदी, छोरी, भान्जी र आमाको अविश्रान्त सेवा गर्नेले पाउँछन् कि तैंले पाउँछस् ? तैंले आमालाई झुक्क्याएर गुटमुटचाएको आमाका गहना तँबाट आमालाई नै मैले फिर्ता गराएको हुँ ।' वास्तवमा आमालाई मैले किनिदिएका सबै गहना आमाको बरखीपछि त्यसै गरी नै बाँडिदिएँ; मैले एक लाल पनि राखिनँ ।'

'मेरी आमाको भौतिक चोला समाप्त भयो । तर आमामाथिको भक्तिभावना मेरो मनबाट कहिले रित्तिएन । मेरो मनमा हरपल मेरी आमा नै हाँस्छिन्, आमा नै रुन्छिन् र आमा नै साउती गरिरहेकी हुन्छिन् । मेरी आमा जसरी हामीमाऊ भिजिन् सायद उनीऊैं उनीसँग हामी भिज्न सकेका थिएनौं । वास्तवमा आमाले आकाश भएर सधैं, सधैं र सधैंभरि हाम्रै लागि त्याग, तपस्या र आराधना गरिरहिन् । तिनै मेरी महान् आमाको नाउँ भागीरथा प्रसाई हो भन्दा मलाई थप गौरवीबोध हुन्छ । मेरी आमाकै सबल नेतृत्वका कारण आज म यस धरामा यसरी उभिइरहेको छु ।'

'आमा बाँचुन्जेल आमाको महिमाबारे मलाई पर्याप्त ज्ञान थिएन, अनि त्यति सारो मर्म र होस पनि थिएन । तर आमाको अभावमा मैले मेरी आमालाई उपयुक्त न्याय गर्न सकेको जस्तो पनि लागेन । त्यसैले आमाप्रति पछुतो मानेर म बोलिरहेको छु– 'मेरी आमा ! तिमी महान् थियौ; तिमी कति महान् थियौ भने अति महान् थियौ ।'

'मेरी आमा भागीरथा प्रसाई' मैले मेरी आमाको मात्र सत्यकथा लेखेको होइन । समस्त आमाहरूको अवस्था मैले मेरी आमाको जस्तै र त्योभन्दा खराब पनि देख्तै, सुन्दै र पढ्दै आएको छु । प्राय: अधिकांश छोराहरूले आआफ्नै तरिकाबाट आमाहरूलाई भित्रभित्रै पिर्ने, दुक्ख दिने र टोकस्ने काम भइरहेको हुन्छ । तर छोराहरूले दिएको पीडा प्राय: आमाहरूले मनैभित्र लुकाएर सुकसुकाइरहेका हुन्छन्, रन्थनिरहेका हुन्छन् र वेदनामा डुबिरहेका हुन्छन् । ती आमाहरू महान् हुन् जसले आफ्ना कोखका घाउका डामहरूलाई सधैं माफ दिइरहेका हुन्छन् । ती आमाहरूका मर्म कथा र व्यथाहरू मेरी आमाको ऊैं यसरी प्राय: प्रकाशमा आएका पनि हुँदैनन् । केवल यहाँचाहिँ मेरी आमा पात्र बनेर अक्षरहरूमा देखा परिरहेकी छिन् ।'

'मेरो जीवनभरिको अध्ययनबाट मैले के बुझेँ भने– 'सुक्खका बेला बिर्सिने र दुक्खका बेला सम्झिने सृष्टिको शाश्वत सत्य नै आमा हुन् ।'

उपर्युक्त नरेन्द्रीय 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतिका अन्तिम तथा एघारौँ परिच्छेदका पाँच गद्यांशद्वारा आमा भागीरथाको भौतिक चोला समाप्त भएपछि अन्तरे छोरा नरेन्द्रबाट आमाको महिमा अझ ज्यादा मात्रामा बुझेको र आत्मसात् गरेको अनि प्रस्तुत मातृजीवनीले आफ्नो आमाको सत्यकथाको विशेष कथनबाट मातृहृदयको अपार सन्ततिस्नेह र सन्ततिमध्ये कसैले जति वञ्चना र प्रताडना दिए पनि तिनलाई आफ्नै कोखका घाउ र डोब ठानी तिनप्रति आमाको मनमा प्राय मौन पीडा र ज्यादा क्षमताशीलता नै रहने मार्मिक मातृवात्सल्य अनि भित्री तहमा थोरै भए पनि रहिरहने मातृमनोग्रन्थिगत अलि क्लेश र निबिड पीडातर्फसमेत यहाँ सङ्केत गरिएको पाइन्छ र यस्तो भोग्ने अरू अनगिन्ती आमाको सत्यकथा भने अक्षर र भाषामा अझै नलेखिएको लेखकीय सकल मातृजातिपरक अन्तर्वेदनाको झल्कोसमेत यहाँ प्रदान गरिएको पाइन्छ ।

# जीवनीकृतिगत तथा समाजशास्त्रीय साहित्यमूल्यको दोहोरो परिसन्दर्भ

नरेन्द्रराज प्रसाईकृत 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतिका सम्बन्धमा मेरा समीक्षात्मक विवेचनाका साथै अभिमत व्यक्त गर्ने क्रममा यहाँसम्मका विस्तृत विश्लेषण र सम्बन्धित कृतिउद्धरणका परिप्रेक्ष्यमा अब परिशेषमा निष्कर्षगत रूपमा थप भन्नुपर्ने थोरै प्रसङ्ग मात्रै बाँकी रहे । अब मेरा शेष समीक्षात्मक अभिमत जाहेर वा प्रस्तुत गर्ने क्रममा प्रथमत: प्रस्तुत जीवनीकृतिगत भूसमाजशास्त्रीय कतिपय युगीन सन्दर्भका विशेष इङ्गितकै बारेमा कुरा गरौँ । यो नरेन्द्रकृत मातृजीवनीकृति मोटामोटीमा र मूलत: नेपाली पहाडी खस बाहुन समुदायको करिब त्यस्तो वंशगाथा र सामाजिकी तथा पारिवारिकीको संस्मरणात्मक तथा जीवनीगत अन्तढाँचामा गरिएको साहित्यपरक मर्मस्पर्शी वृतान्तकथन हुन पुगेको छ जुन सामाजिक एवं पारिवारिक तथा नरनारीगत भौतिकीय र आर्थिक सम्बन्धप्रतिसम्बन्ध एवं तिनले सिर्जेका मनोग्रन्थिहरूका बीच अनि २०२० सालदेखि भूमिसुधार लागू भएको कार्यक्रमका पूर्वापर परिप्रेक्ष्यमा भएको भूसम्पत्तिको हदबन्दीले ल्याएको र जोताहाको मोहीहक र ऋण निश्चित कार्यक्रम आदिले अरू जटिल तुल्याएको आर्थिक उथलपुथलबीच एउटी एकल विधवा आमाको नेतृत्वको पारिवारिक ग्रामीण कृषिअर्थतन्त्रको सङ्घर्षपूर्ण अवरोहणशील जीवनयात्रातर्फ उन्मुख आर्थिक तथा सामाजिक

ह्रासका क्रमका बीचको लगभग पाँचपुस्ते पूर्वापर जीवनक्रमका लगभग तीनपुस्ते समयसूत्रमा उनिएको छ ।

साथै यहाँ मुख्यत: प्रस्तुत जीवनीकृतिगत समयमोड र स्थानीय भूपरिमितिमा नेपालका पूर्वी पहाडका कोसी, मेची भूक्षेत्रीय सन्दर्भमा ताप्लेजुङ हाङपाङका स्थानीय परिवेशका बीच पुरुषप्रधान र कृषिप्रधान भूसामन्तीय र जोताहा मोही किसानका बीचको भर्खर थालिँदो उद्वेगपूर्ण ग्रामीण परिपार्श्वबीच आधाजसो र त्यसपछि तल मधेसका झापा शनिश्चरे सालबारीका र त्यस वरपरका त्यहाँको पहाडी (र मधेसी आदिसमेत) मिश्रित भएको अनि मुख्यत: मातृप्रधान परिवारकी मूली आमा र कमाइ आफ्नै खुट्टामा नउभिएका छोरालाई सहमतिपूर्वक अंश छुट्टाई अनि पढेर आफैँ कमाउने खुबी र हुती भएका सन्तानले पैतृक अंश नलिई सिर्जिइएको एक प्रकारको पारिवारिक सद्भावपूर्ण उत्कर्षमा पूवार्ध घटनाक्रम पुगेको छ ।

उपर्युक्त क्रममा नेपाली पहाडी खस आर्य समाजको जीवनयात्राक्रमको सामन्ती पहाडी र मधेसी समाजको सन्दर्भको २००७ सालको क्रान्तिको समयरेखाअगिको र त्यसपछिको शिक्षा प्राप्त गरी जागिर खाने अवसरले अनि कृषिअर्थतन्त्रमा २०२० सालतिरदेखि भूमिसुधार कार्यक्रमले ल्याएको भूमिहदबन्दी र मोहियानीको पनि धेरथोर असरले उथलपूर्ण रहेको एवं २०१६ सालतिरदेखिको औलोउन्मूलनको कार्यक्रमको सकारात्मक प्रभावस्वरूप मधेसका फराक जमिनका आवादी र नयाँ खेतीको अवसरले ल्याएको सकारात्मक पर्यावरणमा यहाँ संयुक्त परिवारको टुटाइ र आबद्ध संयुक्त परिवार टुट्दो चापप्रतिचापका भूमिसुधारजन्य रस्साकस्सी तथा सक्षमको सक्दो हड्पाइ र कमजोरको भूवञ्चितीकरणका बीच सहज रूपमा पारिवारिक अंशबन्डा पनि सम्पन्न हुनु अर्थपूर्ण ठहरिन्छ ।

तर उपर्युक्त सन्दर्भमा यहाँ नेपालको सामाजिक र पारिवारिक व्यवस्थामा संयुक्त परिवारलाई टुटाई जग्गाजमिनलगायत पैतृक सम्पत्ति उमेर पुगेका एकल परिवारका बीच अंश बाँड्नुपर्ने अवधारणाअनुरूप अंशियारहरूका नाउँमा अंशबन्डा गर्नुपर्ने नयाँ कानुनी प्रावधान र अंशबन्डाजन्य पारिवारिक मनमुटाव र न्यायोचित सहज वितरण हुन नसक्दाका बखेडा एवं परिवारविग्रहको स्थिति आइपर्नुको आफ्नै व्यावहारिक कथाव्यथा छँदै छ ।

'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतिका सन्दर्भमा जयप्रसाद प्रसाईको मृत्यु, अंशबन्डा र भूमिसुधारका झोजले ओरालो लागेको भागीरथा प्रसाईको वञ्चितीकृत पारिवारिक जीवनयात्रा तथा झापातर्फको प्रवेश र त्यहाँको कृषिका सङ्घर्षसाथ सफलता र आखिर मेलमिलापपूर्ण अंशबन्डाबाट परिवारकथा फेरि उत्कर्षका दिशातर्फ फर्किएको पनि हो । तर त्यसपछि निरक्षर आमाको अंशभाग र गहनागुरिया कान्छा छोराबुहारीले झुक्क्याई हात पारेपछि र अकिञ्चन बेसहाराजस्ती वृद्धा आमाका जीवन या स्वास्थ्यमा चर्को जटिलता देखा परेपछि चाहिँ यहाँ अनपेक्षित पुस्ताद्वन्द्व घनीभूत हुन पुगेको निकै त्रासद र करुण जीवनीगत परिप्रेक्ष्य देखा पर्छ जुन यहाँ मूल जीवनीकृतिगत केन्द्रीय पात्र आमा भागीरथा प्रसाई (पुस्ता तेस्रो) को मातृभक्त छोराबुहारी, छोरी, नाति आदि (चौथो-पाँचौँ पुस्ता) को सेवाभावपूर्वक हुँदो जटिल उपचारप्रक्रिया अन्ततः भागीरथाका मृत्युबिन्दुमा पुगी टुङ्गिएपछि उनको अन्त्येष्टि, क्रियाकर्म, बर्खी र शुद्धीकरण तथा मातृश्रद्धाका अभिव्यक्तिको विविध प्रसङ्ग हुँदै यो जीवनीकृति परिणामी कृतिगत पर्यवसान र टुङ्गोतर्फ उन्मुख हुन्छ । यहाँ पुर्ख्यौलीगत दुई पुस्तापछिको तेस्रो पुस्ताको विशेष सङ्घर्षपूर्ण यात्राको पर्यवसान र चौथो पुस्ताले गरेको जन्मदाताजन्मदात्री तेस्रो पुस्ताकी नारीप्रतिका अनुकूल र प्रतिकूल दुवै थरी व्यवहारको न्यायमीमांसासँगै अर्को अग्रपुस्ता (पाँचौँ पुस्ता) को आफ्नो लहरको

समेत सुरु सक्रियतातर्फ यहाँ पुस्ताक्रम उन्मुख छ । यहाँ पहाड मधेसमा भूसामन्त वर्गको स्खलन तथा लेखपढ गरी अधिकतर जागिरजीवी हुँदो मध्यवर्गका निम्न, उच्चमध्य र उच्च उपश्रेणीका बीच आरोहअवरोह चल्दो र प्राय: कृषिजीवी संयुक्त परिवार विघटित हुँदै एकल नाभिकीय हुन थाल्दो निम्न वा मध्यवर्गीय नवउपश्रेणी फैलिँदो र निम्न वर्गको भूसम्पत्तिपरक मोहीहकतर्फको जागृति थोरै मात्र सलबलाउँदो ढङ्गले खजमजपूर्ण र भूखण्डीकरण र कृषिइतर पेसान्तरण चलमलाउँदो भूअर्थराजनैतिक सङ्क्रमणशील परिदृश्य देखिन आउँछ ।

नेपाली परम्परागत समाजसन्दर्भमा भागीरथा प्रसाईका वि.सं. १९७५-२०६८ सालका बीचका उपर्युक्त त्रियानब्बेबर्से जीवनयात्रा परिप्रेक्ष्यमा नारीस्वतन्त्रतासम्बन्धी स्थिति जैविक उमेरका दृष्टिले प्रथमत: बाल्यकैशोर कालमा पूरै परायत्त जस्तै देखा पर्छ; उनी आमाका गर्भमा रहँदै बाबुद्वारा उनको बिहेको वाग्दान हुनु र सात वर्षका उमेरमा घाँघरका सट्टा गुन्यूचोली पहिरी बिहे नै हुनु अनि केही वर्ष मैतालु रही तेह्र वर्षका उमेरमा 'सके घर गरी खानू नसके माइत नफर्कनू वा तमोरमा हामफाल्नू' भने जस्ता आशयका लोकोक्तिहरूमा भनिएजस्तै किसिमका परिवेशगत बाध्यताबीच कर्मघर हुन पुगेको पतिघर पठाइनु अनि सासूका कडा बुहार्तनसहित सामन्ती प्रकारको नारीघरगृहस्थीको कडा भार सकीनसकी बोक्न सुरु गर्नु जस्ता घटनासिलसिलाबाट यस कुराको पुष्टि हुन्छ । त्यस्तै भागीरथा प्रसाईको उत्तरवर्ती र चवालिस वर्ष उमेरसम्मको सधवा जीवनकाल एकातर्फ घरायसी धन्दाको बोझ तथा भारी बोक्नेलगायत निरन्तर श्रमपूर्ण काम र अर्कातर्फ उल्टो सौता बेहोर्नुपर्ने नियतिबीच सन्तान जन्माई तिनको लालनपालन र तिनको पढाइको अभिभारा पनि वहन गर्दै बितेको छ र जैविक यौवनावस्थामा पनि उनको जीवन प्राय परतन्त्र नै छ । बरु पतिले घरव्यवहार हेर्न छोड्दा अरू

व्यवहार बोझ बढेको पनि छ । तर चवालिस वर्षको उमेरको वैधव्यजीवनकालका सुरुदेखि नै संयुक्त परिवारभित्रका स्वार्थप्रेरित कतिपय पारिवारिक विग्रह र टाठा र बलबुता हुनेले आफ्ना नाउँमा भूसम्पत्तिलगायत धनसम्पत्ति सक्दो हडप्ने होडमा विधवा नानाभुनाको हक प्राय मरी हुन पुगेको भूमिसुधारको प्रारम्भकालीन घरेलु आर्थिक उथलपुथलका कारणले ठूलै आर्थिक अभाव र विपन्नता अनुभव गर्न परेपछि भने मुख्यत: उनैले निर्णायक निर्णय लिइन् पहाडको जो बचेकोमध्ये केही जग्गाजमिन गरगहना बेच्दै मधेस झापातिर जमिन जोर्दै क्रमश: बसाइँ सर्ने । जति दु:खकष्ट र सङ्घर्ष गर्नुपरे पनि जिउँदीजाग्दी महिलाका रूपमा उनी झापा, शनिश्चरे, सालबारीका घर, खेती र बागवानीको भरपर्दो बन्दोबस्त मिलाउन सफल भइन् । यस सन्दर्भमा उनी पौरखिली र उदाहरणीया एकल नेपाली महिलाका रूपमा प्रकट भइन् । उनले पढीलेखी आफ्ना खुट्टामा उभिएका र उभिन आँट गर्ने छोराहरूका उपलब्धिमा सन्तोष मान्दै अरू छोरा र आफ्ना भाग सम्पत्ति छुट्टचाई एक्लैले आमाबाबु दुवैको सफल अभिभावकीय भूमिका पूरा गरिन्– बैसट्ठी वर्षका उमेरतिरसम्म । उनको जीवनयात्राको पैतालिस-बैसट्ठी वर्षजतिको यो सङ्घर्षी अवधि गौरवपूर्ण देखिन्छ र प्रतिकूल एवं विपरीत परिस्थितिबीच यस जीवनचरणमा उनी एकल महिला भएर पनि घरव्यवहार र गृहस्थीको पूर्ण सफल सञ्चालन र नेतृत्व गर्ने महीयसी आमाका भूमिकामा प्रकट भएको पाइन्छ । यसपछि उनले शान्तिखुसीपूर्वक बिताउन पाउनुपर्ने शान्त सान्ध्य गोधूलि जीवनमा पूर्वोक्त पारिवारिक जुन प्रतिकूलता बेहोर्नुपऱ्यो र असी वर्षपछिका जराजर्जर र बहुरोगार्त जीवनमा उनको सर्वाधिप्रिय प्रिय कर्मथलो झापा छाड्न उनी बाध्य हुनुपऱ्यो, त्यस सन्दर्भमा चरम वृद्धावस्थामा नारी पुन: अस्वतन्त्र हुन पुगेको करुण परिस्थिति देखा पर्न आयो । निश्चय नै काठमाडौँका नइगृहमा उनको सेवासुसार र उपचार श्रद्धास्नेहपूर्वक जो भयो त्यसबाट उनको आहत चरम वृद्धावस्थाले अवश्य नै त्राण पायो ।

उपर्युक्त परिप्रेक्ष्यमा भागीरथा प्रसाईको लामो त्रियानब्बेबर्से जीवनयात्राका सन्दर्भमा एकातर्फ परम्परागत रूपमा बाल्य, युवावस्था र वार्धक्यमा पनि नेपाली नारी प्राय पुरुषपरतन्त्र रहन परेको अनि बालक हुँदा बाबुको, बैँसमा पति र सासूको अनि बुढचौलीमा अविवेकी छोराका परतन्त्रतामा परेको देखिए पनि उनको वैधव्योत्तर एकल जीवनको झापाको अध्यायको प्राय सुखद मध्य अंशले चाहिँ सङ्घर्षयात्राबीचकी जिउँदीजाग्दी र सफल एक नेपाली आमाको विशिष्ट पारिवारिक नेतृत्वक्षमताको उच्च साक्ष्य प्रदान गरेको छँदै छ ।

समष्टिमा भागीरथा प्रसाईको समुच्चा त्रियानब्बेबर्से जीवनयात्राका सन्दर्भमा उनी एक जीवन्त र सफल नेपाली आइमाई अनि त्यस्ती महिमामयी र महीयसी नेपाली आमाका रूपमा झल्किन्छिन् जसलाई नेपाल आमाकै दिव्य प्रतिमूर्तिका रूपमा सम्झिन र श्रद्धापूर्वक वन्दना गर्नु उचित हुन्छ । सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाईकृत 'मेरी आमा भागीरथा प्रसाई' जीवनीकृतिले निश्चय नै मर्त्य मानवी भागीरथालाई जीवनीसाहित्यका स्तरमा अक्षर वाङ्मयी मूर्तिमा सदा स्थायी हुने गरी खोपी, सिल्पिई, सजाई प्रतिष्ठित तुल्याइदिएको छ अनि साझा 'नेपाली आमा' कै श्रद्धेय प्रतिनिधि बिम्बमा सशक्त ढङ्गले रूपाङ्कित पनि गरिदिएको छ ।

नेपाली समाजमा प्राय सबैको कान्छो छोरो (र कान्छी बुहारी) विशेष निकट र प्रिय हुने अनि अलिक विशेष काखिने र त्यसैले पुलपुलिने गरेको पनि पाइन्छ । त्यसमा पनि खास अवस्थामा चाहिँ अरू सन्तानका तुलनामा कान्छाहरू शिक्षादीक्षा र आफ्ना खुट्टामा उभिने सङ्घर्ष र प्रतिस्पर्धामा खट्ने, लाग्ने सन्दर्भमा भन्दा आमाबाबुका विशेष कखाइ र तिनका कान्छामोहबाट सहज प्राप्य पैतृक सम्पत्तिबाट नै बढी लाभान्वित हुने चाखतर्फ विशेष आकर्षित हुनेसमेत गर्दछन् । यस क्रममा कतिपय विशेष वृद्ध आमाहरू (वा बाबुहरू) आफ्ना प्रिय

कान्छा छोरा र बुहारीका विशेष सम्पत्तिलोभबाट प्रताडित र उत्पीडित भई बेसहाराजस्तो भई पछुताउन पुग्ने परिदृश्य पनि नेपाली समाजका परिवारसंरचनामा देखिने गरेको पाइन्छ । प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतिका अन्तिम र एघारौँ परिच्छेदका सुरुतिर भागीरथा प्रसाईले आफ्ना रगतपसिनाले भिजाएको घर छोड्न आफू बाध्य भएको पीडापरितापबीच 'मर्ने बेलासम्ममा मात्र मान्छे चिन्न सकिँदो रहेछ' भनी आत्मपश्चात्ताप गरेको जुन अवस्था छ त्यो नेपाली समाजका पारिवारिक संरचनामा निकैजसो वृद्ध आमा या बाबुले भोग्नुपरेको र बराबर आवृत्ति भइरहने समवेत तथा साझे पछुताउको मन:सामाजिक र चरम वार्धक्यकालीन मनोदशातर्फ तीव्र इङ्गित गर्ने खालको नै छ । यस परिप्रेक्ष्यमा भागीरथा प्रसाईको जीवनकथाको प्रतिच्छवि बढ्दो वृद्धावस्थाका आफ्नै अति प्रिय पुरुष सन्तान र बुहारीबाट अति नै उत्पीडित हुन जाने विधवा एकल नेपाली आमाको औसत जीवनको प्रतिरूपी करुण मानव मूर्तितुल्य पनि अनुभूत हुने गर्दछ ।

निष्कर्षमा नरेन्द्रराज प्रसाईको 'मेरी आमा भागीरथा प्रसाई' नामक संस्मरणात्मक जीवनकृति नेपाली समाजको विगत एकडेढ शताब्दीजतिको र कम्तीमा पाँचछ पुस्ताजतिको अनि ग्रामीण पूर्व पहाड र मधेस हुँदै राजधानी काठमाडौँको महानगरीय जीवनसन्दर्भलाई छुँदै समुद्रपार वर्तमान विश्वलाई पनि नेपाली नवपुस्ताका पहुँचका जराले छुँदो नेपाली सामाजिकी र पारिवारिकीको इतिवृत्तिको त्यस्तो अत्यन्त मर्मस्पर्शी सत्यकथा वा सत्याख्यान जस्तो लाग्ने रुचिर र सशक्त गद्यसाहित्यिक जीवनीपरक संस्मरणधर्मी वाङ्मयिक मर्मस्पर्शी समालेख हुन पुगेको म ठान्दछु जुन उपर्युक्त भूमिति र समयमितिको नेपाली जीवनप्रवाहको समाजशास्त्रीय सजीव प्रतिदर्पण पनि हुँदै हो । साथै वंशप्रवाही अन्तर्ढांचातर्फ पनि थोरै झुकेको प्रस्तुत नरेन्द्री मातृजीवनीकृतिको सृजनात्मक अँगालामा र

सेरोफेरोमा समेटिन पुगेको रुन्डै दुई सयजति व्यक्तिको जुन विपुल मानवचरित्रपुञ्जको भाषिक शैलीगत लालित्यपूर्ण साहित्यिक चरित्ररेखाको समाविष्टि यहाँ भएको छ र तीमध्येका तीन दर्जनभन्दा बढी जीवनीगत उल्लेख्य पात्रीय आरेखण यस समीक्षात्मक अभिमतका क्रममा गरिएको छ । त्यस सन्दर्भमा तीमध्ये यस जीवनीकृतिकी नायिका मूल स्त्रीपात्र भागीरथा प्रसाईलगायत यी अरू पात्रहरू पाठकीय संस्मरणमा विशेष स्मरणीय हुने गरी सापेक्षित मानवीय गोलाइपूर्वक चित्रित भएको मैले अनुभव गरेको छु– (क) नन्दमणि प्रसाई, हरिमाया, देवकला; (पुस्ता १) तथा नरध्वज प्रसाई, शिवमाया; प्रेमलाल उप्रेती (पुस्ता २); (ख) जयप्रसाद प्रसाई, भागीरथा; षडानन्द र मानबहादुर प्रसाई (पुस्ता ३); (ग) नरेन्द्रराज प्रसाई, इन्दिरा; गङ्गाराज प्रसाई, रामकुमारी; दीर्घराज प्रसाई, सानुबाबा; पद्मराज प्रसाई; विष्णुराज प्रसाई, भागीरथा; नीरा सिटौला; भरतराज प्रसाई, रूपा; लक्ष्मीप्रसाद प्रसाई (पुस्ता ४), (घ) कञ्चनजङ्घा प्रसाई (पुस्ता ५) र (ङ) रामप्रसाद उप्रेती, वसन्त पन्त, इन्द्र खत्री, पुण्यप्रसाद कोइराला, सुमी चौधरी, देवीप्रसाद खनाल । यीमध्ये पनि प्रस्तुत मातृजीवनीकृतिका पाठकीय स्मृतिफलकमा आमा भागीरथा प्रसाईका सम्बन्धवृत्तमा चाखपूर्वक विशेष स्मरणीय हुन पुग्ने प्रमुख पात्रका रूपमा यहाँ जयप्रसाद, नरेन्द्र, इन्दिरा, कञ्चनजङ्घा प्रभृति हुन् भने अकृतज्ञी तथा तीव्र धनैषणा राख्ने प्रतिपात्रहरू गङ्गाराज प्रसाई र रामकुमारी पनि कौतुकपूर्वक स्मरणीय देखिन्छन् । यसरी मातृजीवनीकार नरेन्द्रराज प्रसाईले यहाँ आफ्नो पुर्ख्यौलीको परिमित रोचक चिनारी दिँदै मुख्यत: आमा भागीरथा प्रसाईको महाजीवनकथाको पुण्य संस्मरण गर्दै लेखेको यो जीवनीकृति 'मेरी आमा भागीरथा प्रसाई' जीवनीलेखनका क्रममा पालन गरिने जीवनभोगाइको वस्तुताको धेरै निकट स्वभावत: भएर पनि अनुभवी सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाईका जीवनीरचनाका कलाका सृजनात्मक संस्पर्शबाट समेत यो निकै ओतप्रोत हुनु पनि उस्तै स्वाभाविक ठहर्छ भन्ने म

ठान्दछु । साथै यस संस्मरणात्मक जीवनीकृतिको बहुआयामिक मूल्यवत्ताचाहिँ जीवनीपरक वस्तुगत सत्य साक्ष्य, समुच्चा रूपमा साहित्यिक सरस र मर्मस्पर्शी पठनसुख अनि कौतुकपूर्ण एवं आह्लादकारी पाठकीय परितृप्ति पर्याप्त मात्रामा दिने गद्यकलात्मक उत्कृष्ट रचनामूल्य अनि नेपाली समाजशास्त्रीय र विशेषत: नारीपरक सामाजिकी र पारिवारिकी अनि जैविकीको सशक्त अन्वाख्यानसमेतको समवेत वाङ्मयिक शक्तिपुञ्ज जुटेको जीवनीमूलक गद्यसाहित्यिक संस्मरण गरिएको नरेन्द्री रचनाको उत्कृष्ट कौशलको चिनो नै हो भन्ने म ठान्दछु । साथै यो जीवनीसंस्मरण कृति नरेन्द्रराज प्रसाईका तर्फबाट नेपाली वाग्देवीका चरणमा अर्को नवागत चिरस्मरणीय उत्कृष्ट साहित्यिक कृतिभेटी हुन पुगेको छ भन्ने पनि मेरो अभिमत छ । म वरिष्ठ नेपाली साहित्यस्रष्टा तथा कुशल जीवनीकार नरेन्द्रराज प्रसाईलाई आफ्नी महीयसी आमाको पुण्यसंस्मरणस्वरूप जीवनीगाथाका पाठकमैत्री सक्षम र समर्थ रचनाका निम्ति हार्दिक बधाई पनि दिन्छु ।

यहाँ (प्रस्तुत मातृजीवनीकृतिका परिच्छेद १ र ५ का खासखास परिसन्दर्भमा) राजनीतिज्ञ खनूप्रुदे प्रसाईले भनेझैँ भागीरथा प्रसाईले आफ्ना समष्टि जीवनका मोडप्रतिमोडबीच 'सुनसरिको सुक्ख र पित्तलसरिको दु:ख' दुवै भोगिन् भने उनले मानवजीवनलाई आदर्शका नापतौलले जाँच्ने भन्दा नेपाली साहित्यका एक वरिष्ठ समालोचक गणेशबहादुर प्रसाईले मूल्याङ्कन गरेझैँ जीवनलाई जीवनकै रूपमा ग्रहण गर्ने बृहत् चाहना राखिन् । समालोचक गणेशबहादुर प्रसाईका धारणालाई केही परिमार्जित गरी भन्दा भागीरथा प्रसाई समयसमयमा पटकपटक को कृतज्ञ र को कृतघ्न भनी चिन्दै सिंहिनीझैँ आफ्नो ज्यानले साथ दिएसम्म एक्लै पनि आफ्नो परिवारको दायित्व वहन गर्ने महीयसी परिवारमूली नायिकाका रूपमा रहन पुगेको पाइन्छ र त्यो यस जीवनीकृतिमा अन्तर्निहित मूल सन्देशतुल्य प्रतीत हुन्छ ।

अन्त्यमा म कामना गर्दछु– यो 'मेरी आमा भागीरथा प्रसाई' जीवनीकृति रची प्रकाशित गरी जसरी जीवनीकार नरेन्द्रराज प्रसाईले आफ्नो आजन्म मातृऋणको भार र आजीवनको मातृशोकको पीडा अलि कम र केही हलुका तुल्याए त्यसरी नै र अऊ बढी पनि खट्दै नेपाली वाग्देवी आमाका अक्षरसेवामा पनि उनी मातृभक्तिपूर्वक सतत साधनाशील रहिरहून् ।

## प्रा.डा.वासुदेव त्रिपाठीका प्रमुख कृति

**समालोचना**

१. नेपाली कविताको सिंहावलोकन (२०२७)
२. विचरण (२०२८)
३. पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग १ र २ : २०३०)
४. साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन (२०३३)
५. लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन (२०३३)
६. साहित्यकार रूपटबहादुर राणाको जीवनीको एक झलक (२०४५)
७. साहित्यसिद्धान्त, शोध र सृजनविधि (२०६६)
८. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)
९. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

**कविता**

१०. तीन थुँगा (२०४५)
११. देशको महिमा (२०४५)
१२. नव पल्लव (२०४६)
१३. सम्झनाकुञ्ज (२०६७)
१४. जीवननिकुञ्ज (२०६७)
१५. सृजनकुञ्ज (२०६७)
१६. मधुकुञ्ज (२०७०)
१७. रचनाकुञ्ज (भाग १ र २ : २०६८)

**प्रबन्ध**

१८. हिन्दू राष्ट्र नेपालको सनातन सान्दर्भिकता (२०६५)

**अनुवाद**

१९. जीवन रोज्नुहोस्
(अर्नोल्ड टोयन्वी र डाइसाकु इकेदाको बीचको संवाद : २०५२)

**समालोचना लेखन तथा सम्पादन**

२०. लेखनाथ पौडचालको प्रतिनिधि कवितासङ्ग्रह (२०४२)
२१. नेपाली कविता (भाग १, २ र ४ : २०४६)
२२. नेपाली साहित्य शृङ्खला (भाग १ र २ : २०५२)

**सम्पादन**

२३. हिमाली साहित्य (२०२०)
२४. मैना (२०३९)
२५. नेपाली बृहत् शब्दकोश (२०४०)
२६. निम्नमाध्यमिक नेपाली व्याकरण र रचना (२०४८)
२७. तीर्थमञ्जरी (२०६५)
२८. साहित्यकार दैवज्ञराज न्यौपाने : जीवनी, कृतित्व र अभिनन्दन (२०६६)